## कांग्रेस महामन्त्रीमा थापा र शर्मा

काठमाडौं। नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत सानेपास्थित कांग्रेस मुख्यालयमा बिहीबार बिहानबाट सुरु भएको मतगणनामा महामन्त्रीमा गगन थापा र विश्वप्रकाश शर्मा विजयी भएका छन्।

थापा संस्थापन इतर शेखर कोइराला प्यानलका हुन् भने शर्मा सभापतिका प्रत्यासी प्रकाशमान सिंह प्यानलका हुन्। त्यसैगरी उपसभापतिमा संस्थापन पक्षबाट पूर्णबहादुर खड्का र कोइराला प्यानलका धनराज गुरुङ निर्वाचित भएका छन्।


जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक


## एमालेमा बढ्यो असन्तुष्टि

काठमाडौं। एमालेको दशौं महाधिवेशनपछि बसेको दोस्रो केन्द्रीय समिति बैठकबाट भएको कार्यविभाजनमा पार्टीभित्रको असन्तुष्टि थप फराकिलो भएको छ। पार्टी विभाजन हुँदा दशवँदे सहमतिमार्फत पार्टीमा रहेका नेताहरूले दशौं महाधिवेशनको बन्दसत्र हलमा पोखेको असन्तुष्टि दोस्रो केन्द्रीय समिति बैठकसम्म पुग्दा थप बल्भिएको हो। असन्तुष्ट नेताहरूले यसको प्रभाव प्रदेश र जिल्ला अधिवेशनमा देखिन सक्ने संकेत गरेका छन्।

एमालेको दोस्रो केन्द्रीय समिति बैठकमा अध्यक्ष बाँकी ८ पेजमा


वर्ष १० अंक २०, २०७८ साल पुस २ गते शुक्रबार, नेपाल संवत् ११४२ (Dec. 17, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


# एमसीसी विरुद्धको आन्दोलनमा निर्मम सरकारी दमन

**एमसीसी प्रकरण**






काठमाडौं। अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन -एमसीसी) सम्झौता खारेजीको माग गर्दै नेकपा माले र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपासहित आठ राजनीतिक दलको संयुक्त मोर्चाले नयाँ बानेश्वरस्थित संघीय संसद घेराउ गरेको छ। सोमबार एमसीसीको नेपालस्थित कार्यदल मिलेनियम च्यालेन्ज अकाउन्टको कार्यालय -एमसीए) घेराउ गरेको मोर्चाले मंगलबार संघीय संसद घेराउ गरेको हो।

संसद भवन तीनतर्फबाट घेराउ गरिएको थियो। पानीटेंकी साइड, मीनभवन साइड र होटल एभरेस्ट साइडबाट। प्रदर्शनकारीहरूले एमसीसी चाहिँदैन, देश बेच्न पाइँदैन, नो एमसीसी, अमेरिकी दलालहरू होसियार जस्ता नारा लगाउँदै हातमा झन्डा र प्लेकार्ड बोकेर प्रवेशद्वारसम्म पुग्ने चेष्टा गरेका थिए। तीनतर्फबाटै प्रहरी घेरा तोडेर प्रदर्शनकारीहरू अघि बढ्न थालेपछि प्रहरीले प्रदर्शनकारीहरूमाथि निर्ममतापूर्वक लाठीचार्ज गरेको थियो। झडपका क्रममा दर्जनौं प्रदर्शनकारीहरू घाइते भए भने केही प्रहरी जवानहरू पनि सामान्य घाइते भएका थिए। ७५ जना बढीलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा लिएको थियो। हिरासतमा लिइएका प्रदर्शनकारीहरूमाथि प्रहरीले कुटपिट गरेपछि साँझसम्म बानेश्वर प्रहरीवृत्त परिसर नै तनावग्रस्त देखिएको थियो। प्रदर्शनकारीहरूले आफ्ना साथीहरूलाई प्रहरीले हातपात गरेको थाहा पाएपछि प्रहरीवृत्त समेत घेराउ गरेका थिए।

संसद भवन रहेको नयाँ बानेश्वरलाई केन्द्रित गरी आन्दोलनकारीले मध्य बानेश्वर, शान्तिनगर, मीनभवन र माइतीघर क्षेत्रबाट छुट्टाछुट्टै जुलुस निकालेका थिए। प्रहरीले निषेधित क्षेत्रभित्र प्रवेश गर्न नदिएपछि झडपको स्थिति सिर्जना भएको थियो। शान्तिनगरतर्फको आन्दोलनको नेतृत्व नेकपाका प्रवक्ता प्रकाण्ड, देशभक्त जनतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, नेकपा माले स्थायी समिति सदस्य कृष्ण वेल्वासेले गरेका थिए। माइतीघर तर्फबाट आउने आन्दोलनकारीहरूको नेतृत्व माले महासचिव सीपी मैनालीले गरेका थिए भने मध्य बानेश्वरतर्फको नेतृत्व माले स्थायी कमिटीका सदस्य सुरेन्द्र ढकालले गरेका थिए।

एमसीसीको विरोधमा विभिन्न वक्ताहरूले सम्बोधन गर्ने कार्यक्रम तय गरिएको थियो। एभरेस्ट होटल अगाडिको विरोध सभालाई माले महासचिव सीपी मैनालीले सम्बोधन गरेका थिए। महासचिव मैनालीले कुनै पनि हालतमा राष्ट्रघाती एमसीसी सम्झौता पारित गर्न नहुने भन्दै एमसीसी आइपीएसको अंग भएको बताए। '२०७४ सालमा एमसीसी सम्झौतामा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गर्दा यसलाई संसदबाट अनुमोदन गर्नुपर्ने सर्त समावेश थिएन। त्यसबेला एमसीसीलाई इन्डोप्यासिफिक स्ट्राटेजीको अंग पनि भनिएको थिएन। एक वर्षपछि यसलाई आईपीएसको अंग भनियो र संसदबाट अनुमोदन गर्नुपर्ने सर्त राखियो' महासचिव मैनालीले भने।

महासचिव मैनालीले अगाडि बताए- 'नेपाल र नेपालीप्रति समर्पित नभएका दलाल नेताहरूले यस्तो धुन्धुकारी परियोजनालाई स्वीकार गरे। हाम्रो मुलुकमा बसेर अमेरिका चीन विरोधी गतिविधि गर्न खोजिरहेको छ। अमेरिकाले यहाँ बसेर चीन विरोधी हर्कत गर्दा हाम्रो स्वतन्त्रता र सार्वभौमिकता नै खतरामा पर्न सक्छ। अमेरिका नेपाली भूमि प्रयोग गरेर तिब्बतलाई चीनको मानचित्रबाट अलग गर्न खोज्दैछ। अमेरिकाले जुध्ने चीनसँग हो। नेपालसँग होइन। यद्यपि 'साँढेको जुधाइ बाछाको मिचाइ' नोक्सान नेपाल र नेपालीले व्यहोर्नुपर्छ।' यो आत्मघाती कुरा हो। गठबन्धनले एमसीसी संसदबाट पारित गराउने सहमति गरेर संसद बैठक आह्वान गरेको हामीले जानकारी पाएपछि हामी खबरदारीमा उत्रिएका हौं। सम्झौता र संविधान बाझ्यो भन संविधानले नछेक्ने सम्झौतामा प्रावधान राखिएको छ। अंग्रेजी बोल्ने, अंग्रेजीमा भाषण गर्न सक्ने नेताहरूले त्यसलाई नबुझेका छैनन् तर राष्ट्रप्रति घात गर्न उनीहरू तयार भएका हुन्। कन्टेनरहरूमा अमेरिकाले बाँकी ८ पेजमा

## चक्रपथ विस्तार गर्न आयो चिनिया टोली

काठमाडौं। चक्रपथ विस्तारअन्तर्गत कलंकीदेखि चाबहिल धोबीखोलासम्मको दोस्रो सडक खण्ड विस्तारले अब गति लिने संकेत देखिएको छ।

साइट क्लिअरिङको जिम्मा पाएको नेपाल सरकारले चिनियाँ पक्षलाई साइट क्लियर भएर कामअघि बढाउन सकिने जनाउँदिदै पत्राचार गरेपछि चिनियाँ प्राविधिक टोली साइट भिजिट गर्न नेपाल आइपुगेको छ।

चार सदस्यीय चिनियाँ प्राविधिक टोलीले विस्तार गरिने कलंकीदेखि महाराजगन्जसम्म सडकको अध्ययन गरेर चीनको हेनान प्रोभेन्सियल कम्युनिकेसन प्लानिङ सर्भे एन्ड डिजाइन इन्स्टिच्युट कम्पनीलाई प्रतिवेदन दिएपछि चक्रपथ विस्तारको काम अघि बढ्ने भएको हो।

चक्रपथ विस्तार आयोजनाले चिनियाँ प्राविधिक टोलीले अनौपचारिक रूपमा साइटको भिजिट गरेपछि विस्तारको काम अघि बढ्ने जनाएको छ। आयोजनाले बाँकी ८ पेजमा

## सभापतिमा देउवाको दोस्रो इनिङ्स



काठमाडौं। शेरबहादुर देउवा १३औं महाधिवेशनको भन्दा पनि शक्तिशाली बनेका छन्। अघिल्लो महाधिवेशनमा उनको साथमा नभएका 'सिनियर' नेताहरूसमेत यसपटक उनीसँगै उभिएका छन्। जसले उनलाई आगामी दिनमा पार्टी चलाउन सहज हुने देखिन्छ। निर्वाचन दोस्रो चरणमा गएपछि सिटौलाको समर्थन पाएर उनी सहजै निर्वाचित भएका थिए। त्यतिवेला पौडेलको प्यानलबाट उपसभापति लडेका प्रकाशमान सिंह पनि अहिले देउवाको पक्षमा उभिएका थिए।

सभापतिको उम्मेदवार बनेका सिंहले दोस्रो चरणमा देउवालाई समर्थन गरे। त्यस्तै, अघिल्लो महाधिवेशनमा सँगै प्रतिस्पर्धा गरेका पौडेल यसपटक तटस्थ बस्दा देउवालाई सहयोग हुने वातावरण बन्यो। त्यति मात्रै होइन, परिवारकै सदस्य डा. शेखर कोइराला उम्मेदवार हुँदा पनि निवर्तमान महामन्त्री तथा विपीपुत्र शशांक कोइरालासमेत तटस्थ बसे। यसले पनि देउवालाई बलियो बनायो। लामो समय देउवाकै गुटमा रहे पनि यसपटक उनीबाट टाढिएर सभापतिको उम्मेदवार बनेका विमलेन्द्र निधिसँगको सम्बन्ध पनि दोस्रो चरणको निर्वाचनले सुमधुर बनाइदियो र उनी पनि देउवाकै पक्षमा उभिए।

पहिलो चरणको मतदानको नतिजा आएलगत्तै देउवा र उनीनिकट नेताहरू सिंह र निधिलाई फकाउने प्रयासमा लागेका थिए। देउवाले चाक्सीबारीस्थित निवासमै पुगेर नेता सिंहसँग वार्ता गरे। पार्टीलाई विधानसम्मत सञ्चालन गर्ने सहमतिपछि आफूले सभापतिमा देउवालाई समर्थन गरेको प्रतिक्रिया सिंहले दिए।

पहिलो चरणमा देउवाले धेरै मत ल्याएकाले पनि उनलाई समर्थन गरेको सिंहको भनाइ थियो। बाँकी ८ पेजमा

## अर्थतन्त्र ओरालोतर्फ

काठमाडौं। मुलुकको अर्थतन्त्र निरन्तर ओरालोतर्फ लागेको छ। आफैं अर्थतन्त्रको ज्ञान नभएको स्वीकारेर छापामार युद्धका कमान्डर जनार्दन शर्माले अर्थमन्त्रालयको नेतृत्व सम्हालेपछि ओली सरकारकै पालामा ओरालो लाग्न थालेको अर्थतन्त्रको ओरालोतर्फको गति अझै बढेर गएको छ। सरकारले विकास बजेट खर्च गर्न सकेको छैन भने साधारण खर्चको गतिमा अंकुश लगाएर खर्च नियन्त्रण गर्न पनि सकेको छैन।

बैंकमा तरलताको अभाव कतिसम्म बढेको छ भने अलि ठूला बचतकर्तालाई बैंकले भुक्तानी लिन जाँदा फर्काउन थालेका छन्। ऋण लगानी पूरै रोकिएका कारण नयाँ काम गर्न खोज्ने र कम्पनीमा लगानी बढाउन खोज्नेहरू पूरै मर्कामा परेका छन्। शेयर बजार निरन्तर ओरालो लागिरहेको छ। अर्थमन्त्रालय जिम्मा लिने पार्टीका नेता प्रचण्ड बाँकी ८ पेजमा

## जर्मनीले ४१ लाख खोप दियो

काठमाडौं। जर्मनी सरकारले नेपाललाई कोरोना भाइरसविरुद्धको ४१ लाख खोपको मात्रा हस्तान्तरण गरेको छ। मन्त्रालयमा आयोजित कार्यक्रममा नेपालका लागि जर्मनीका कार्यवाहक राजदूत डा. स्टेफन रसेकेले स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडालाई उक्त खोप हस्तान्तरण गरेका हुन्।

मन्त्री खतिवडालाई उनले कोभ्याक्स सुविधाअन्तर्गत ४१ लाख ४२ हजार २५० खोपको मात्रा हस्तान्तरण गरेका हुन्। तीमध्ये २१ लाख ७६ हजार ६५० मात्रा जोन्सन एण्ड जोन्सन र १९ लाख ६५ हजार ६०० मात्रा मोडर्ना रहेका छन्।

हस्तान्तरण समारोहमा मन्त्री खतिवडाले जर्मनीले उपलब्ध बाँकी ८ पेजमा

## बढ्दो सोधनान्तर घाटा

काठमाडौं। चालु खाता घाटा २ खर्ब २३ अर्ब १९ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको यही अवधिमा चालु खाता १९ अर्ब १ करोड रुपैयाँले बचतमा रहेको थियो। एक महिनामा साढे ७१ अर्बले चालु खाता घाटा बढेको छ। असोजमा १ खर्ब ५१ अर्ब ७० करोड घाटामा रहेको थियो।

नेपाल राष्ट्र बैंकले बुधवार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितीमा सो कुरा उल्लेख छ। यो अवधिमा निर्यात व्यापार १ सय ४ दशमलव ३ प्रतिशतले वृद्धि भई ८२ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १० दशमलव ८ प्रतिशतले वृद्धि भएको थियो।

भारत, चीन तथा अन्य मुलुकतर्फ भएको निर्यात बाँकी ८ पेजमा

## दैनिक पिउने दूधमै जीवाणु



काठमाडौं। चाहे बालबालिका होस् चाहे वृद्धवृद्धा, स्वस्थ र तन्दुरुस्त स्वास्थ्यका लागि दूध तथा दुग्धजन्य पदार्थको नियमित सेवन राम्रो मानिन्छ। चिकित्सकहरू पनि बालबालिका तथा वृद्धवृद्धालाई दूध तथा दुग्धजन्य पदार्थको नियमित सेवन गर्न सल्लाह दिने गर्छन्। तर हामीले स्वस्थ हुन भन्दै दैनिक सेवन गर्ने दूधजन्य पदार्थमा घातक जीवाणु कोलिफर्म भेटिने गरेको छ।

कोलिफर्म भनेको एउटा सूक्ष्म जीवाणु हो, जसले मानिसको स्वास्थ्यमा असर पार्छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग स्वयंले अनुगमनका क्रममा दही र दूधमा 'कोलिफर्म' भेटिएको जनाएको छ। चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा गरिएको खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमनमा दही र दूधमा बाँकी ८ पेजमा

## कोरोनाको असाधारण अवस्था फेरि बढ्दो

**समय सन्दर्भ**

● डा. अनुप सुवेदी



यो असाधारण संकटको समय हो। अरू बेलाका उपायबाट काम चल्दैन। सरकारको कार्यशैली अहिलेभन्दा चुस्त देखिनुपर्छ। सरकारको तदारुकता त देखिन्छ। विभिन्न समिति बनेका छन्, नाकामा सतर्कता देखिएको छ, तर फैलिएमा कसरी जोगिने, कसरी बिरामीहरूको संख्या कम गर्ने भन्नेमा ध्यान पुगेको छैन। सघन उपचार क्षमता बढाएर, संक्रमण नियन्त्रण नीति सुधार गरेर, स्वास्थ्यकर्मीका लागि व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराएर यस्ता काम गर्न सकिन्छ।

विगत एक/दुई दिनमा देखिन थालेका कोभिडका बिरामीको संख्या र स्थिति देख्दा हामी अकौ उभारको संघारमा उभिएका छौं जस्तो देखिन्छ। ओमिक्रोन देखा नपर्दै पनि डेल्टा भेरियन्टले नै पनि हिउँदमा फेरि अर्को (अघिल्लोभन्दा सानो) उभार ल्याउने अपेक्षित थियो नै। त्यसको कारण थियो- मुख्यतः उच्च जोखिम समूहका व्यक्तिमा पहिले कोभिड संक्रमण भएर वा खोप लगाएर बनेको रोग-प्रतिरोधी क्षमतामा केही महिनापछि ह्रास आउने देखिएकाले।

ओमिक्रोन देखिएपछि त त्यस्तो लहर झन् चाँडो आउने र डेल्टा-मात्रको लहरभन्दा ठूलो हुने पनि सुनिश्चित जस्तै भएको छ। खाली त्यो ओमिक्रोनको लहर अघिल्लो (दोस्रो) लहरजस्तै ठूलो वा उस्तै हताहती गराउने हुन्छ कि केही सानो, कम क्षति गराउने हुन्छ भन्ने मात्र अहिल्यै अनुमान गरिहाल्न सकिँदैन। विगत केही दिनमा विशेष गरी सभा-सम्मेलन, बिहे, भोजमा संक्रमित भएर हप्तादिन जतिपछि अस्पताल जाने, भर्ना हुने क्रम बढ्न थालेको देखिन्छ। यो डेल्टाकै पहिलेदेखिकै अपेक्षित हिउँदे उभार हो कि यसमा केही मात्रामा ओमिक्रोनको पनि देन छ, सरकारको जिनोम सिक्वेन्सिङ अध्ययनले मात्र त्यो बताउला।

तर मूल कुरो, सबै फेरि एकदम सतर्क हुनुपर्ने भयो है। बिहेबारी, भोजभतेर, सभा-सम्मेलनबाट सकेसम्म टाढै बस्नुहोला। घरबाहिर निस्केको बेलामा घरका सबै सदस्यले सकेसम्म एन-९५ वा सो सरहको मास्क हरबखत लगाउनुहोला। आफूले स्कुल पठाएका केटाकेटीहरूलाई पनि त्यसो गर्न सिकाउनुहोला। मास्क लगाउँदा, मास्कको छेउ वा तलमाथिबाट हावा ननिस्कने गरी अनुहारमा टपक्क मिल्ने मास्क मात्र लगाउनुपर्छ। त्यस्तो मास्क नभेटिएमा बरू टपक्क मिल्छ भने एन-९५ मास्क र सर्जिकल मास्क, वा सर्जिकल र कपडाको मास्क, आदि दुई थरी मास्क एकैचोटी लगाउने गर्नुपर्छ। मास्कको दुई छेउमा गाँठो र मुजा पारेर लगाउँदा पनि मास्कलाई तपाईंको अनुहारमा उपयुक्त तरिकाले टपक्क बस्ने बनाउन सकिन्छ।

वातायन (भेन्टिलेसन) राम्रो नभएको बन्द कोठा वा ठाउँमा अरू व्यक्तिसँग मास्क लगाएरै पनि सकेसम्म नबस्नुहोला। सकेसम्म भेटघाट, र विशेष गरी अरू व्यक्तिसँग खानपान, बाहिर खुला ठाउँमा मात्रै गर्नुहोला। परिवारको कसैलाई 'सामान्य रुघा' वा खोकी वा 'हल्का ज्वरो मात्र' वा जुनसुकै कोरोनासँग मिल्न सक्ने लक्षण छ भने पनि तुरुन्तै पिसिआर जाँच गराउनुहोला। अनि रिपोर्ट नआउन्जेल घरका अरू कोही पनि सदस्य कार्यालय, स्कुल वा बाहिर कतै नजानुहोला। यदि घरको एक जनाको मात्र पिसिआर पोजिटिभ देखियो भने पनि पोजिटिभ हुने त छुट्टै बस्ने पर्‍यो, बाँकी अरूले पनि बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### एमसीसी खारेज गर

राष्ट्रघाती एमसीसी सम्झौता खारेजीको माग राख्दै संसद भवन घेराउ गर्न उत्रिएका जनतामाथि प्रहरीले निर्मम लाठी चार्ज गरेर मानव अधिकारको घोर उल्लंघन गरेको छ । मंसिर २८ गते सरकारले संसद आह्वान गरी एमसीसीबारे प्रस्ताव टेबुल गर्ने षड्यन्त्र गर्न थालेपछि सबै खाले देशभक्त शक्तिहरूको गठबन्धन गरी बनाएको एमसीसीविरूद्धको मोर्चा संसद भवन घेराउ गर्न सडकमा उत्रिएको थियो । एभरेस्ट होटलतर्फ, मीनभवनतर्फ र पुरानो बानेश्वर लाग्ने बाटोतर्फ भेला भएका मोर्चा आबद्ध प्रदर्शनकारी र प्रहरीबीच सामान्य झडप हुँदा प्रहरीले आवेशमा आएर लाठीचार्ज गरेको थियो । प्रदर्शनकारीले सबैतिर प्रहरीको घेरा तोडेर एमसीसी पक्षधरहरूलाई गतिलो जवाफ दिएका थिए । संसदमा नभएका दलका शीर्ष नेताहरू सीपी मैनाली, सीपी गजुरेल, खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड), विश्वभक्त दुलाल 'आहुती' ज्ञानेन्द्र शाहीलगायत सडकमा ओर्लिएर हजारौं जनताको नेतृत्व गरिरहेको र प्रदर्शनकारीको भीड बढ्दै गएकाले एमसीसी पास गराउन सरकारलाई फलामे चिउरा सावित हुने निश्चित छ । एमसीसी सम्झौताले सिंगो देश नै दुई खेमामा विभाजन भएर देशभक्त राष्ट्रवादी शक्ति र विदेश भक्त दलालहरूबीच भिडन्तको अवस्था सिर्जना भएको र यसले मुलुकमा ठूलो रक्तपात र हिंसाको अवस्थासमेत निम्तिने भएकाले सरकारले एमसीसी खारेजीको बाटोमा लाग्न आवश्यक देखिन्छ ।

अमेरिकाले नेपालको हित मात्र चाहेर एमसीसीमार्फत नेपाललाई सहयोग गर्न खोजेको होइन भन्ने तथ्य यसको सम्झौताका दफाहरूले स्पष्ट पारिसकेका छन् । ५५ अर्ब रूपैयाँ सहयोग गर्दा संसदबाट सम्झौता अनुमोदन गर्नुपर्ने, नेपालको कानुनसँग एमसीसीका धारा बाझिएमा एमसीसीको धारा लागू हुने, एमसीसीका कर्मचारीहरूलाई नेपालको कानुनले उन्मुक्ति दिनुपर्ने, नेपालको महालेखाले लेखा परीक्षण गर्न नपाउने जस्ता बुँदाले एमसीसी सम्झौता राष्ट्रघाती देखिएको स्पष्ट हुन्छ । अहिले मुलुकको विकास गर्न मुलुकभित्रै पनि पर्याप्त पैसाको जोहो गर्न सकिन्छ । बूढीगण्डकी जलविद्युत आयोजनाका नाममा नेपाल आयल निगमले अर्बौं पैसा उठाएकोमा कामै नगरी अयोजना अलपत्र पारिएको छ । बर्सेनि अर्बौं विकास बजेट फ्रिज हुने गरेको छ । एनसेलले छलेको कर मात्रै राम्ररी उठाउने हो भने एमसीसीको भन्दा बढी पैसा निस्कन्छ । यति हुँदाहुँदै पनि शासकहरूले अमेरिकी साम्राज्यवादसँग घुँडा टेकेर एमसीसी भित्र्याउन खोज्नु आफैंमा विडम्बनापूर्ण विषय बन्न पुगेको छ ।

एमसीसीमार्फत नेपाल भित्रिएर अमेरिका फ्रि तिब्बतको नारा उराल्दै चीन घेर्ने नीति मजबुत बनाउने दाउमा छ । नेपाली मूलका झन्डै लाखको हाराहारीमा भुटानी शरणार्थीलाई आफ्नो मुलुक र अन्य विकसित मुलुकमा भित्र्याउने अमेरिकाले तिब्बती शरणार्थीलाई नेपालकै क्याम्पमा राखेर उताबाट दानापानी भर्ने काम गरिरहेको छ । चीनको बढ्दो आर्थिक प्रगतिदेखि जलिरहेको अमेरिकाले चीन घेर्ने रणनीति अन्तर्गत नेपाल भित्र्याउन लागेको एमसीसीमार्फतको सहयोग यहाँका शासक र दलालाहरूले बिना सुझबुझ स्वीकारे भोलि नेपाल विदेशी सैनिक अखडामा परिणत हुने निश्चित छ । इराक, अफगानिस्तानको नियति भोग्नुभन्दा एमसीसीलाई उतै फर्काइदिनु मुलुकको हितमा देखिन्छ । सडकमा उत्रिएका हजारौं देशभक्तको संख्या लाखौं पुगेका बेला एमसीसी पक्षधरहरू जनताको आक्रोशको निशानामा पर्ने निश्चित छ, बेलैमा होस गरौं ।

# कहाँको चोर मात्रै हुन् र यिनीहरू !!



**सुरेन्द्र ढकाल**

**नेपालको विकाश राजतन्त्र होउञ्जेल हुँदैन, नेपालको विकाश जातीय, लिंगीय भेदभाव रहुञ्जेल हुँदैन, नेपालको विकाश भारतीय अर्धऔपनिवेशिक उत्पीडन होउञ्जेल हुँदैन, पऱ्यो भने भारतसँग बंकरयुद्ध गर्नुपर्छ भनेर जनयुद्ध सुरू गरी १७ हजार नेपाली जनताको ज्यान लिने, १७ खरबको भौतिक संरचना खतम गर्ने, १७ अरबभन्दा बढी पैसा बैंक लुटेर लिने आफूलाई माओवादी भन्नेहरू को (?) बाट संचालित रहेछन् भन्ने कुरा आखिरमा थाहा पाइयो कि पाइएन ?**

राप्रपाका नयाँ युवा अध्यक्ष लिङदेनले हामी सबैलाई जनताले चोर भन्छन् भनेछन् । सर्पको खुट्टा सर्पले मात्रै देख्छ भन्ने उखान छ । पत्याउनै पऱ्यो । तर चोर मात्रै होइनन् होला । राजा महेन्द्र चढेको लैण्ड रोभर गाडीमा बम हान्ने, विमान अपहरण गरी रु ३० लाख झ्वाम पार्ने, धमिजा काण्ड मच्चाई राष्ट्रिय ध्वजावाहक नेपाली वायुसेवालाई उत्तानो बनाउने, मित्र राष्ट्रहरूले बनाइदिएको कलकारखाना उद्योगहरू समाजवादी भन्दै कमिसन खाइ कौडीको मूल्यमा बेच्ने, १२ लाख युवायुवतीलाई रोजगार दिएको गलैंचा उद्योग तहसनहस गर्ने तर राष्ट्रियता मदन भण्डारी ज्यूँदो होउञ्जेल राष्ट्रवादी, भ्रष्टाचार विरोधी जस्तो देखिन्थ्यो । तर मदन भण्डारीको सिआईए अनि रअको इसाराम हत्या गर्ने काम कस्ले गऱ्यो ? मदनको हत्या गर्दा निस्केको आक्रोसी जुलुशले काठमाडौंको खिचापोखरीमा रहेको अमेरिकी पुस्तकालय तहसनहस गरेको देख्ने ज्यूँदो प्रमाण मै छु ।

विद्याको सेतो सारीमा आफैंले रातो मसी छर्कन लगाई त्यसको दोष विरोधी राजनीतिक दललाई लगाई सोझा नेपाली मतदाताहरूको सहानुभूतिको मत लिई एमाले ठूलो दल बनेको भन्दै हिँड्ने केशव लोकतन्त्र समाजवादको खोल ओढ्ने नेपाली कांग्रेस आतंककारी, राष्ट्रघाती, भ्रष्ट र असक्षम भन्ने कुरा त इतिहासले प्रस्टै पारेको छ । अनि इतिहासले प्रस्टै गरेको कुराहरू सबैलाई बिर्सेर चोर मात्रैको पगरी गुथाउँदा भित्रभित्रै नेपाली कांग्रेस त खुसी नै भएको होला तर नेपाली जनता ?

मालेबाट एमाले बनेको अर्को राजनीतिक गुट पनि छ नेपालमा । यो गुट स्थापित अझै ज्यूँदै छन् । जनताको मत पाई बारम्बार सरकार चलाउने एमाले होइन ? किन सकेन यसले मदनको हत्यारा पत्ता लगाउन ? किन चाहेन यसले मदनको हत्यारा पत्ता लगाउन ? चाहने वा सक्ने कुरा पनि भएन हत्यारा आफैंहरू भएपछि ।

पश्चिमबाट सूर्य उदाउँछ, नेपालले वर्षको १ खरब २० अरब कमाउँछ भन्दै महाकालीलाई भारतको पोल्टामा हाल्ने को ? त्यही एमाले, कांग्रेस अनि राप्रपा होइन ? वाइडबडीको १४ अरबको भ्रष्टाचारको फाइल यिनीहरूकै मिलोमतोमा बन्द गरिएको होइन ? अहिले कसलाई चाहिएको छ एमसीसी ? त्यही कांग्रेस, एमाले र राप्रपालाई होइन ? को रहेछ रअ र सिआईएको एजेन्ट प्रस्टै चिनिएन ? अनि यस्ता राष्ट्रघाती, हत्याराहरूलाई चोर मात्रै भनेर पुग्छ ?

नेपालको विकाश राजतन्त्र होउञ्जेल हुँदैन, नेपालको विकाश जातीय, लिंगीय भेदभाव रहुञ्जेल हुँदैन, नेपालको विकाश भारतीय अर्धऔपनिवेशिक उत्पीडन होउञ्जेल हुँदैन, पऱ्यो भने भारतसँग बंकरयुद्ध गर्नुपर्छ भनेर जनयुद्ध सुरु गरी १७ हजार नेपाली जनताको ज्यान लिने, १७ खरबको भौतिक संरचना खतम गर्ने, १७ अरबभन्दा बढी पैसा बैंक लुटेर लिने आफूलाई माओवादी भन्नेहरू को (?) बाट संचालित रहेछन् भन्ने कुरा आखिरमा थाहा पाइयो कि पाइएन ?

मदन भण्डारीको हत्याको एक मात्र साक्षी अमर लामाको सार्वजनिक रुपमा हत्या गरी प्रमाण नष्ट गर्ने को हो ? हिजो दरबारीयाहरूले गरेको नमिता, सुमिता, नीराको बलात्कार र अनि त्यसपछिको हत्याका दोषीहरू जसरी उम्किए, त्यसै गरी डबल नेकपाका एमाले प्रधानमन्त्री र माओवादी गृह मन्त्रीले किन प्रहरीहरू लगाई प्रमाण नष्ट गरी निर्मला पन्तको हत्याराहरूलाई उम्काए ? यसमा ओली र वादलको संलग्नता नभएको भए यस्तो हुन्थ्यो ?

नेपाली जनतालाई झुक्याई भारतको इसारामा गरेको जनयुद्ध गरी जनगणतन्त्रलाई धोका दिँदै संसदीय भासमा आएर जाकिएपछि भारतलाई कम्फर्टेबल सरकार बनाउनुपर्छ भन्दै भारतको पैताला चाट्ने को (?) भन्ने कुरा सबै नेपालीले बुझिसकेका छन् । राप्रपासँग त्यसै गोत्र मिल्छ भनेर सार्वजनिक रुपमा बोल्नुको तार्त्पय के हो ? यी सबै प्रश्नको जवाफ खोज्दै जाँदा यिनीहरूलाई चोरमात्रै भनेर कहाँ पुग्छ (?) कहाँको चोर मात्रै हुन् र यिनीहरु ! !

# संसद वैठकमा एमालेको ताण्डप फेरि सुरु



**गोविन्द विक**

जनसरोकारका विषयमा प्रत्यक्ष सरोकार राख्ने केही विधेयक तथा नियमावली पारित गर्ने उद्देश्यले सरकारले प्रतिनिधिसभाको अधिवेशन सञ्चालन गरेको छ । तेजाव आक्रमण यौन हिंसा विरुद्धका महत्वपूर्ण विधेयक सरकारले संसदबाट पारित गराउने कुरामा सरकारको ध्यान जानु आफैंमा सकरात्मक कदम हो । जनसरोकारका सवाल घनीभूत छलफल हुने थलो संसदलाई कुनै पनि वहानामा अवरोध गर्ने संसदभित्र नाराबाजी गर्ने गलत परम्पराको अभ्यास संस्थागत हुँदै गएको कुरा प्रमुख प्रतिपक्ष दल एमालेले गर्दै आएको निरन्तर संसद वैठक अवरुद्धको घटनाले प्रष्ट पारेको छ ।

एक व्यक्तिको आवेग र रिस मत्थर पार्नका निम्ति प्रमुख प्रतिपक्ष दल एमालेले निरन्तर रुपमा संसद अवरोध गर्नु गैरजिम्मेवारीपनको परकाष्ठ नै हो । हुन् त नेकपा एमाले आफैंले सरकारको नेतृत्व गरेको बेला पनि जनसरोकारको विषयमा चासो नदिएका थुप्रै घटना परिघटनाहरू ताजै छन् । अहिले प्रतिपक्षको बेन्चमा पुगेर पनि जनताको सवालमा अनुदार व्यवहार एमालेले प्रदर्शन गरिरहेको छ । नेकपा एमालेले आफूले कारवाही गरेका माधव नेपाललगायतका सांसदलाई सभामुखले संसदबाट निष्कासन नगरेको निहु झिकेर संसद बैठकमा नाराबाजी मच्चाउनु अलोकतान्त्रिक प्रवृत्ति हो ।

यदि नियमसंगत तरिकाले सभामुखले जिम्मेवारी निर्वाह नगरेको भन्ने लागेमा त्यसका लागि कानुनी उपचारमा जान सकिन्छ । सभामुखसँग छलफल गर्न सकिन्छ । संसद बैठक नै अवरोध गरेर जनताका मुद्दामा बेखबर बन्नु एमालेका लागि पनि शुभ संकेत हुँदैन । चुनाव नजिकिएको छ । चुनावका पहिलो स्थानको दाबी गरिरहेको एमालेले अहिलैदेखि जनसरोकारका विषयमा संवेदनशील बन्न जरुरी छ । प्रतिपक्षमा भएपछि सरकारका कामलाई अवरोध गरेर दलभित्र पनि व्यक्तिको आवेग निभाउन पूरै व्यवस्थामाथि नै प्रहार गर्ने कुकृत्य गर्नु कति उचित हो भन्ने कुरा त जनताले पनि मूल्याङ्कन गर्ने नै छन् ।

अहिले एमालेले गरेको संसद अवरोध एमालेका अध्यक्ष केपी ओलीले चोइटिएर गएका माधव नेपालप्रति देखाएको रिस र हैकमभन्दा अरु केही हैन । संसद खुल्यो कि नाराबाजी गरिहाल्नुपर्ने कुनै कारण नै छैन । राजनीतिक असमझदारीका कुरा त राजनीतिक छलफलबाट नै सल्टयाउनु पर्दछ । पार्टीले कारबाही गरेका माधव नेपाललगायतका नेताहरूलाई संसदबाट निष्कासन गर्ने अधिकार सभामुखलाई भएको भए उनले किन त्यसो गरेनन् त ? त्यस विषयमा सभामुखलगायत सत्तासिन दलसँग किन छलफल नगर्ने ? के संसद अवरोध गर्ने एक मात्र विकल्प हो त ? जब राजनीतिक पूर्वाग्रह राखेर दलका नेताहरूले एकअर्कालाई व्यवहार गर्छन् भने त्यसले कुनै पनि लोकतान्त्रिक अभ्यासलाई जहिलै छायामा पारिराखेको हुन्छ ।

लोकतन्त्रमा फरक विचार राख्ने स्वतन्त्रता सबै नागारिकलाई समान हुन्छ । पद्धति बसाउने निहुमा नागारिकका मुद्दा ओझेलमा पार्ने गरी काम गर्ने छुट कुनै पनि राजनीतिक दललाई छैन । एमाले त झनै नागारिकका मुद्दामा बढी नै संवेदनशील हुनुपर्ने समय आएको छ । करिब दुई तिहाइ बहुमतको सरकार भएको बेलामा आफ्नै हैकम रवाफले सबै राजनीतिक दलको साथ पनि गुमायो भने दलभित्र नै सल्किएको असन्तुष्टिको डढेलोले संघ प्रदेश सबै तहका एमालेका सरकार तहसनहस भएर अहिले प्रतिपक्षमा बस्नु परेको छ ।

हिजो आफूले चरिरहेको संसद भत्काएर अध्यादेश ल्याउँदा प्रतिपक्षले विरोध गर्दा विकास विरोधी परिवर्तन विरोधी भनेर कटाक्ष गर्ने ओली अहिले संसद अवरोध गर्न संसदहरूलाई हौसाइरहेका छन् । यसरी गैरजिम्मेवारीपना व्यवहार देखाउनुभन्दा सरकारको काममा रचनात्मक भूमिका खेलेर आगामी चुनावमा जनमत आफ्नो पोल्टामा पार्ने रणनीतिमा लाग्नु नै एमालेका लागि उपयुक्त मार्ग हुन् सक्छ । एमालेको संसद अवरोधले आम जनमानसमा नकरात्मक सन्देश प्रवाह गरिराखेको छ । हिजो आफू सरकारमा हुँदा त्यही कुरा गलत भन्ने अहिले आफू सरकारभन्दा बाहिर हुँदा त्यही कुरालाई अबलम्बन गर्दा जनताको मनबाट टाढिने मेसो बन्दछ । त्यसैले संसद अवरोध गरेर हैन छलफल र वहसबाट नै असमझदारीको विकल्प खोज्न जरुरी छ ।

# थारू महिला झनै पीडित

**रूद्र सुवेदी**

बााके फत्तेपुरकी २० वर्षीया उषा चौधरी जीउ दुख्ने र बेलाबेलामा भइरहने जन्डिसबाट पीडित थिइन् । धेरैपटक जाFच गर्दा, औषधोपचार गराउँदा पनि जोर्नीहरूको दुखाइ र जन्डिस निको भएन । सामान्य परिवारकी यी किशारी आफ्नो रोगको उपचार गर्न धेरै ठाउँ भौंताारिइन् । अस्पताल जाँदा र डाक्टरलाई भेट्दाभेट्दै ६ वर्ष बित्यो । उपचारका क्रममा धेरै पैसा सकियो । तर, रोगको पहिचान भएन ।

शरीर दुखाइबाट छुटकारा पाउन उनले गाउँकै औषधि पसलबाट दुखाइ कम गर्ने औषधि खाइन् । यस्तो औषधि खाँदा केही समय दुखाइ कम भए पनि औषधिको असर सकिना साथ फेरि दुखाइ सुरु हुन्थ्यो । उपचारकै क्रममा नेपालगन्जको भेरी अञ्चल अस्पतालका चिकित्सक डा. राजन पाण्डेले उनमा देखिएको स्वास्थ्य समस्या सिकलसेल एनिमिया' भएको पत्ता लगाई औषधि दिए । एक वर्षदेखि उनले राहत महसुस गरेकी छिन् ।

सिकलसेल एनिमिया' भएका बिरामीमा पेट, छाती जोर्नी दुख्ने र जन्डिसको लक्षणको देखिने उपचारमा संलग्न चिकित्सकले बताएका छन् । बिरामीको रगत परीक्षणबाट यो भए-नभएको थाहा पाउन सकिन्छ । सिकलसेल एनिमिया' थारू समुदायका बिरामीमा मात्र पाइने जटिल' प्रकारको स्वास्थ्य समस्या भएको उपचारमा संलग्न चिकित्सक डा. पाण्डेले बताए ।

!४ वर्षको उमेरदेखि उषा पेट, छाती जोर्नी दुख्ने समस्याबाट पीडित थिइन् । धेरै दुखेको बेलामा उनी दिनहुँ दुखाइ कम हुने सुई लगाउँथिन् । पछिल्लोपटक दुखाइ निक्कै बढी भएपछि उनी अस्पताल भर्ना भइन् । उपचारको क्रममा रगत परीक्षण गर्दा उनको रगतमा सिकलसेल एनिमिया' भेटियो ।

दाङ सिसहनियाकी ३५ वर्षीया निर्मला चौधरीले आफ्ना ३८ वर्षीय पतिको उपचारमा निक्कै सास्ती र हण्डर खानुपऱ्यो । उनका पति दिवाकर चौधरीलाई ०५३ मा पहिलोपटक जोर्नी दुखेर काठमाडौंको ओम अस्पतालमा उपचार गर्न पुऱ्याइयो । चिकित्सकले जन्डिस भएको भनेर औषधि दिए । लामो समयसम्म औषधि खाँदा पनि निको नभएपछि भारतका विभिन्न ठाउँमा पुगे । त्यहाँ बाथ, युरिकएसिड र जन्डिस भन्दै उपचार गरेपछि निर्मलाको शरीर झनै शिथिल हुँदै गयो । उपचारकै क्रममा !८ वर्षसम्म अस्पताल धाउँदा लाखौं रुपैयाँ सकियो । सास हुँदासम्म आश हुन्छ भनेझैं उनले आफ्ना पतिको उपचारमा निरन्तरता दिँदै आइन् । तर, गएको वर्ष मात्रै उनका पतिलाई सिकलसेल एनिमिया' भएको पत्ता लाग्यो । धेरै पुरानो बिरामी भएका कारण दिवाकरको रगतमा सिकलसेल'को मात्रा ९८ प्रतिशत पुगिसकेको छ । उपचारपछि उनको स्वास्थ्यमा क्रमिक सुधार हुँदै गएको छ । यस्तो रोग निर्मलालाई मात्रै होइन उनको एकाघरका देवर शिवाकर चौधरी र आफ्नै जातिका छिमेकीका केही व्यक्तिमा पनि देखिएको बताइन् । रोगको पहिचान हुन् नसक्दा आफ्ना श्रीमान् र आफूले धेरै सास्ती भोग्नुपरेको उनले बताइन् । निर्मलाले भनिन्, अब रोग पत्ता लाग्यो, गरेको उपचार पनि लाग्ला ।'

उषा र निर्मला प्रतिनिधि पात्र मात्र हुन् । मध्य र सुदूरपश्चिमका थारू समुदाय सिकलसेल एनिमिया'बाट ग्रसित छन् । दुई वर्षको अवधिमा भेरी अञ्चल अस्पतालमा उपचारका लागि आएका थारू समुदायका करिब चार सय बिरामीमा यसको लक्षण भेटिएको छ । स्वास्थ्य परीक्षणका लागि आएका अधिकांश थारू समुदायका बिरामीको परीक्षणको क्रममा सिकलसेल एनिमिया' भेटिएको डा. पाण्डे बताउँछन् । उपचारका क्रममा विभिन्न् समुदायका बिरामीको रक्त परीक्षण गरिए पनि थारू समुदायका बिरामीमा मात्र सिकलसेल एनिमिया'सम्बन्धी समस्या देखिएको डा. पाण्डेले बताए ।

यो समस्या भएका बिरामीको रक्तकोषको आयु २० दिन मात्र हुन् भएकाले पनि उनीहरूमध्ये महिला बिरामीको अवस्था झनै जटिल हुन्छ । डा. पाण्डेले भने, महिलालाई पुरुषलाई भन्दा समस्या हुन्सक्छ, तर उनीहरूको प्रजनन् कार्यमा भने बाधा हुँदैन ।' यसबाट बच्न सिकलसेल एनिमिया'को लक्षण देखिएका युवायुवतीबीच वैवाहिक सम्बन्ध नराख्नु नै सबैभन्दा राम्रो उपाय भएको डा. पाण्डेले बताए । यो रोगबाट बच्न विवाहपूर्व दुलाहा र दुलही दुवैको रगत परीक्षण गर्न सकिन्छ । दुईमध्ये एकमा मात्र यस्तो समस्या भएमा उनीहरूबाट जन्मने सन्तानमा सिकलसेल एनिमिया हुन् सम्भावना हुँदैन । तर, गरिब तथा विपन्न् परिवारका थारू समुदायका युवायुवतीले विवाहपूर्व रक्त परीक्षण नगर्ने भएकाले यो समस्या वंशाणुगत रूपमा सर्दै जाने गरेको छ ।

चेतनाको कमी र विपन्न्ताका कारण थारू महिलाले सुरुका दिनमा रोग लुकाउनाले अन्तिम अवस्था पुगेपछि मात्र अस्पताल आउने गरेका कारणले उपचारमा समस्या हुन् गरेको चिकित्सकको भनाइ छ ।

आर्थिक अभाव, पहुँच र ज्ञानको कमीले अझै पनि थारू समुदायमा पुरुषले जति सहज रूपमा महिलाले उपचारको सुविधा पाउँदैनन् । यसकारण उनीहरू रोगको सङ्क्रमणबाट बढी प्रभावित हुन् गरेका छन् । पेट, छाती, जोर्नी दुखे पनि उनीहरू अस्पतालसम्म पुग्न सक्दैनन् वा पाउँदैनन् । तर, जब ठूलो समस्या आउँछ अनि मात्र उनीहरू चिकित्सकको सम्पर्कमा पुग्छन् यतिबेलासम्म समस्या जटिल भइसकेको हुन्छ । डा. पाण्डेले भने, !८ महिनायता मकहाँ उपचारका लागि आउने बिरामीको रक्त परीक्षण गर्दा करिब चार सय थारू समुदायका बिरामीमा यो समस्या फेलापरेको छ । यो जटिल प्रकारको औलोबाट बच्न प्राकृतिक रूपमा पुस्ता दरपुस्ता सर्दै आउने रोग हो ।'

रिपोर्टिङमा आएका चार सयजना भए पनि परिवारको अन्य सदस्यको पनि जाँच गर्ने हो भने यो रोगको थप बिरामी भेटिन सक्छन् । एउटा सामान्य परिवारमा चारजना मात्रै सदस्य हुँदा पनि अरू एकजनामा अवश्यै पनि यो रोग भेटिन सक्ने सम्भावना हुन्छ । दिनहुँ सिकलसेल एनिमिया'का नयाँ-नयाँ बिरामी थपिने क्रम बढेकाले डा. पाण्डेले आफ्नो क्लिनिकमा उपचारका लागि आउने गरिब तथा बिपन्न् बिरामीसँग परामर्श शुल्कसमेत लिन छाडेका छन् ।

# मैले देखेको १८७ औं विश्व पर्यटकीय स्थल

# युरोप अफ्रिका जोड्ने गल्छी जिब्राल्टर

सुरेन्द्र ढकाल



माथिबाट हेर्दा जिब्राल्टर यस्तो देखिन्छ



जिब्राल्टरमा रहेको मोरिसको प्राचीन किल्ला



जिब्राल्टरको आकर्षण माउन्ट तारिक यस्तो रहेछ




जिब्राल्टरका संस्थापक तारिक बिन जियाद



जिब्राल्टरमा पर्यटकहरू




अफ्रिका र युरोपबीचको जिब्राल्टरको सामुद्रिक गल्छी




अफ्रिका र युरोपबीचको टापु जिब्राल्टर नक्सामा यस्तो रहेछ

मेड्रिडबाट जुन २६ तारिखको रातको ११ बजेको जिब्राल्टरको लागि रेल चढी सन २०१३ को जुन २७ को एका बिहानै हामी स्पेनको आल्जिसिरास पुग्यौं। त्यहाँ एक रात बिताउने निर्णय भएबमोजिम रेलवे स्टेशनसँगैको एक लजमा एउटा कोठा लिई, नुवाइधुवाइ गरी हल्का ब्रेकफास्ट गरी त्यहाँबाट करिब नौ बजेतिर बस लिएर हामी बेलायत अधिनस्थ टापु जिब्राल्टरतर्फ लाग्यौं। आल्जेसिरासदेखि जिब्राल्टर करिब २५ किलोमिटरको दूरीमा रहेछ। हामीलाई लोकल बसबाट त्यहाँ पुग्न करिब २ घण्टा लागेको थियो।

**जिब्राल्टर**

औपनिवेशिक युग अन्त भए तापनि स्पेनी भूभागमा रहेको जिब्राल्टरमा अझै बेलायती झण्डा फहराइरहेको देख्दा हामीलाई अचम्म लाग्यो। सन् १८६९ मा स्वेज क्यानल मानव जातिले बनाएपछि अमेरिका तथा युरोपबाट अरल सागर हुँदै भारत एवं एसिया आउने जलमार्ग बेस्सरी छोटियो। पहिले पहिले युरोपबाट एसिया आउन पुरै अफ्रिकी महाद्विप घुम्नु पर्थ्यो। स्वेज क्यानल खुलेपछि जिब्राल्टरको सामुद्रिक गल्छीबाट प्रवेश गरी इजिप्ट हुँदै स्वेज क्यानलबाट अरब सागर निस्कने जलमार्ग बनेपछि जिब्राल्टर ब्यापारिक र सामरिक दुवै दृष्टिकोणबाट महत्वपूर्ण हुन् गएको कारणले गर्दा पनि बेलायतले अझसम्म त्यहाँ आफ्नो उपनिवेश कायमै राखेको बुझ्न सकिन्छ।

स्पेनी आइवेरियन पेनिन्सुला (उपमहाद्विप) रहेको जिब्राल्टर करिब ७ वर्गमिटरमा फैलिएको छ। यस्तो सानो ठाउँमा पनि करिब ३० हजार जनसंख्या रहेको बाक्लो बस्ती रहेछ। इतिहास केलाउँदै जाँदा जिब्राल्टरको युरोप र अफ्रिकाबीचको सामुद्रिक गल्छीको लम्बाइ जम्मा १४ किलोमिटर जति रहेको र नेपोलियन युद्ध तथा दोस्रो विश्वयुद्धताका भूमध्य सागरमा आउने सबै आधा विश्वका किसिमका जलबेडाहरूको चेकजाँच यहींबाट गरिंदो रहेछ। यहाँको अर्थतन्त्रका मुख्य आधार भनेको पर्यटन, जुवा, र बित्तीय बैकिङजस्ता क्रियाकलापहरू पर्दा रहेछन्।

बेलायती शासनअन्तर्गत रहेका जिब्राल्टर निवासीहरू बेलायतकै शासनअन्तर्गत बस्न चाहेको कारण स्पेनको अन्तर्राष्ट्रिय दबाबको कारण पनि जिब्राल्टर अझै पनि बेलायती उपनिवेश रहन गएको रहेछ। विवाद बढ्दै गएपछि सन् १९६७ र २००२ मा यहाँ जनमत संग्रह गरिएको रहेछ जस्को फलस्वरुप स्पेनसँग घनिष्ट आर्थिक सम्बन्ध राख्ने शर्तमा यहाँ बेलायती शासनले नै निरन्तरता पाएको रहेछ। अरबी शब्द *Jabal Ṭāriq*, जवाल तारिकबाट यो ठाउँको नाम जिब्राल्टर हुन् गएको रहेछ। तारिक चाहिँ आठौं शताब्दिदेखि नै मोरिस सैनिक जनरलको नाममा त्यहाँ रहेको चट्टानी सानो पहाड (थुम्को) Mount of Tariq को कारण हुन गएको रहेछ। यहाँ भेटिएको प्राग्ऐतिहासिक प्रमाणको आधारमा भन्दा ५० हजार वर्षअघि नै मानव बस्ती रहेको कुरा ५ हजार वर्षअघिको त्यहाँ रहेको गोरहाम गुफाले प्रमाणित गरेको रहेछ। प्राचीनकालमा यो गुफा भुमध्यसागरीय जनताहरूको धार्मिक तथा तिर्थाटनको स्थल रहेछ। ग्रिक रोमनकालमा यस स्थललाई हर्कुलसको Mons Calpe मोन्स काल्पे भनेर चिनिदो रहेछ। रोमन साम्राज्यको पतनपछि अफ्रिकाको भ्यान्डल जातिको नियन्त्रणमा जिब्राल्टर पुगेको रहेछ र सन ४१४ देखि ७११ सम्म भिसिगोथिक अधिराज्यको आधिपत्य यहाँ कायम भएको रहेछ।

सन ११६० मा सुल्तान आल्मोहाद खलिफाले यहाँ स्थायी बस्ती बसाएका रहेछन् र त्यसै क्रममा उनले एक दरबार Moorish Castle बनाएका रहेछन् जुन अझै पनि देख्न पाइँदो रहेछ। सन् १२७४ देखि जिब्राल्टरलाई मोरक्को ग्रानदाको नास्रिद वंशले आफ्नो अधिनमा लिएको रहेछ। कास्तिलेका हेनरी चौथौंले जिब्राल्टरमाथि विजय प्राप्त गरेपछि यसको नाम जिब्राल्टर अधिराज्य घोषित गरिएको रहेछ। त्यसको लगत्तैपछि जिब्राल्टर मेदिना सिदोनियाको ड्युकलाई दिइएछ जसले यहुदी धर्म त्यागी क्रिस्चियन बनेका ४३५० जनाको समूहको जिम्मामा दिइएको रहेछ जसलाई त्यहाँबाट लघारी स्पेनले आफ्नो अधिनमा लिएको रहेछ।

सन १७०४ मा एंग्लो डच (बेलायत र नेदरलैडको) संयुक्त फौजले स्पेनी उत्तराधिकारको युद्धताका स्पेनबाट यो स्थललाई आफ्नो कब्जामा लिएको रहेछ। अनि उटरेख्टको सन्धिअनुरुप यस स्थललाई सन १७१३ मा नै बेलायती साम्राज्यमा गाभिएको रहेछ र बेलायती शाही जलसेनाको महत्वपूर्ण आधार शिविरको रुपमा यस स्थललाई प्रयोग गर्न शुरु गरिएको रहेछ। त्यसपछि पनि स्पेनी राजाहरूले विभिन्न बेलामा जिब्राल्टरलाई स्पेनकै अधिनमा ल्याउने असफल प्रयास गरेका रहेछन्। त्यसको कारण १७७९ देखि ८३ सम्म भएका युद्धहरूले जिब्राल्टर शहर पुरै ध्वस्त पनि भएको रहेछ। पछि इटालियन वास्तुविद जोभान्नी मारिया वोस्केत्तीले पुरै शहरको डिजाइन गरी निर्माण गर्न लगाएका रहेछन्। दिनभरको समय जिब्राल्टरमा बिताएपछि हामी आल्जिसिरास फर्कियौं र रात त्यहाँ बिताइ भोलिपल्ट २८ जुनका दिन रेलबाट पुन मेड्रिड फर्कियौं।

कथा

# चिया दिने केटी

कुमार काफ्ले

शरद यामको ठण्डी बिहान । सडकमा कुकुरहरू भुकिरहेका थिए । कतै प्रत्येक घरमा त कतै बिराएर ऊ एकैक्षणका लागि साइकल रोक्थ्यो र बन्द पसलका सटरहरूमा , अफिस र घरका ढोकाहरूमा पत्रिका छिराइदिन्थ्यो । ग्राहक र पाठकहरूले भन्दा पहिले नै पत्रिका उसले छुन पाएपनि त्यसमा छापिएका समाचार र विचारहरू उसलाई पढ्ने फुर्सद कत्ति थिएन । बिहान पाँच नबज्दै शुरु भएको उसको यो नित्य कर्म कहिले नौं त कहिलेकाहीँ दश बजेसम्मै चल्थ्यो ।

प्राय:जसो साँढे सातबजेतिर ऊ एउटा यस्तो घरमा पुग्थ्यो जहाँ उसलाई आत्मीयताका साथ चिया दिइन्थ्यो । मान्छे वास बसेपछि जस्तो भए नि घर त घरै हो नि , तर त्यो घर उसलाई बिल्कुलै फरक लाग्थ्यो । त्यस घरमा एक दम्पती र एउटी त्यस्तै पन्ध्र सोह्र वर्षकी केटी देखिन्थे । प्राय: चिया तिनै केटीले ल्याउँथिन् र उसलाई ती सोही घरकी छोरी हुन् जस्तो लाग्थ्यो । तैपनि सोधेर विश्वस्त हुन् भने सकेको थिएन । हुन् त ऊ यस्ता सयौं महलहरूमा पुग्छ र आफ्नो काम फत्ते गर्छ । तर अरू महल र यसमा निकै भिन्न्ता महशुस गर्थ्यो ऊ । सडकमा अनि बजारमा गनिन्सक्नु युवतीहरू भेटिन्थे । कतिसँग त ठोकिन्थ्यो पनि । सुन्धारा, रत्नपार्क ,असन र इन्द्रचोकतिर ठेलाम्ठेल गरेर हिँडे मात्रै समयमा गन्तव्य पुग्न सकिने कुरा पनि उसलाई राम्रैसँग थाहा थियो । तर ती सब नवयौवनाहरूमा भन्दा तिनमा एकखालको आकर्षण थियो र त्यो सुगन्धित फूलमा भँवराको आकर्षण भन्दा कम्ता थिएन ।

त्यसबेलाको कुरा उसले झलझली सम्झियो । क्याम्पस पढ्न भनेर गाउँबाट शहर छिरेको ऊ कामको खोजीमा भौतारिरहेको बेला स्कुल पढ्दाको साथी उद्धवको सल्लाह र सहयोगमा यो काम थालेको थियो । अझै केही दिन उसले यो काम नभेटाएको भए उसको जिन्दगीले अर्कै मोड लिने पक्कापक्की जस्तै थियो । किनकि खाली पेटले सधैं आदर्शलाई शिरोपर गर्न असंभव थियो । बिहान , दिउँसै पत्रिका बेच्ने उसले दिउँसोको समयमा छुट्टै अफिसमा सामान्य कर्मचारीको रूपमा काम पाएपछि भने दिउँसो पत्रिका बेच्न छोडिदियो । यसै गरेर उसले जीविका चलाइरहेको थियो । दुस्ख त अवश्य थियो तर प्रत्येक बिहान ऊ त्यो घरमा पुगेपछि उसले आफू बाँचिरहेको जिन्दगी , दुस्ख र संघर्ष चटक्कै भुलिदिन्थ्यो । मेहनती र लगनशील थियो र त उसले आफ्नो जीवनको एउटा लय समातेको थियो । नत्र त ऊ यतिबेला कि सडकछाप भएर कतै डेन्ड्राइट सुँघिरहेको हुने थियो कि त चुल्ठे- मुन्द्रे भएर गुण्डागर्दी गरिरहेको हुन्थ्यो ।

एउटा ठूलो पहाडी टाकुरामा फलेको गुराँसको फूल टिप्न ऊ रुखमा चढेर यसो के लम्किएको मात्रै थियो, टेकेको हाँगो कर्याक्क भाँचियो । त्यो मनमोहक फूल टिपेर ऊ चिया दिने केटीलाई दिन चाहन्थ्यो जो रुखको फेदमा बसेर टुप्पामा हेरिरहेकी थिई , जहाँ फूल टिप्न ऊ अर्थात सौगात चढेको थियो । सौगात टुप्पाबाट खसेपछि त्यो केटी पनि होसहवास खुस्केर टेकिरहेको जमिनबाट लडी । एकैछिनपछि ती दुवै आकाशमा उडिरहेका थिए राजहाँस भएर । उडेर कहिले पहाडको चुचुरो भन्दापनि धेरै माथि त कहिले नदीको तीरैतीर टाढाटाढा पुग्थे । उड्दाउड्दै थाकेर लखतरान भएपछि फेरि पहिलेकै गुराँसको रुखमा आएर बसेका थिए । त्यही बखत अलि परबाट एउटा शिकारीले भरुवा बन्दुक उनीहरूतिरै ताकिरहेको देखियो । अब लौ फेरि यहाँबाट उड्नुपर्छ भनेर दुवैले चुच्चो एकापसमा जोडेर सल्लाह गर्दैगर्दा ऊ झल्यास्स बिउँझेको थियो । बाहिर झिसमिसे उज्यालो भईसकेको रहेछ । सदा यतिखेर ऊ आफ्नो प्यारो साइकल लिएर भूगोलपार्क पुगिसकेको हुन्थ्यो ।

ऊ पत्रिका बाँड्दै त्यो घरमा पुग्दा केटी सोफामा गहिरो निद्रामा थिई । त्यहाँ उसले उसको रूपलाई , उसको गर्दन र मुहारमा छरपस्ट कपाललाई र उसको अङ्गविन्यासलाई धित मर्नेगरि हेर्न चाहिरहेको थियो । तत्क्षण सोच्यो , मैले यसरी निहारिरहेको उसका बाउआमाले थाहा पाए भने त वित्यासै पर्छ । ऊ त्यहाँबाट हिँड्न खोज्यो तर चियाको तल्तल् बेस्मारी लागेर आयो । कल्प्यो , चियाको चुस्कीसँगै उसको बेपरवाह सुताइ नियालेर छेउमा बसेको । उसको आँखालाई यो दृश्य मन परेको थियो र केही बेर आँखा नझिम्क्याइकन हेर्न लोभ लाग्यो । रोक्दारोक्दै मुखबाट खोकी खुस्कियो ।

मैले चाहेको थिइनँ कि उनी उठुन् , तर पातलो निद्राबाट बिउँझे झैं उनी झट्ट उठिन् र म भर्खरै आएझैं गरेर उनले सुतेको देखेकै छैन झैं गर्न खोजें । तर म त अलमलमा पो परें ।

अहो १ म त भुसुक्कै पो निदाइछु । म चिया बनाएर ल्याइहाल्छु है , भित्रै बस्नु न आउनू

उनको सधैं सुनिरहेको स्वर , तर आज अलिक फरक लाग्यो । त्यो बोलीमा यस्तो मिठास थियो कि ऊ त्यसको स्वाद कुन चाहिँ मिष्ठान्न् परिकारसँग मिल्छ भनेर अहिले ठ्याक्कै भन्न् सक्दैन । जे होस् त्यो आवाज उसले सुन्ने् आवाजहरू मध्येको मीठो थियो भन्ने् कुरामा उसलाई कुनै शंका थिएन ।

होइन म जान्छु । उसले हाँस्दै भन्यो। तर उनले चिया खाएर मात्रै जानू भने हुन्थ्यो भन्ने् उसलाई लागिरहेको थियो ।

पाकिसक्यो है, भित्र आउनुस् छिटो । उनले आदेशत्माक स्वरमा भनेपछि ऊ लुरुलुरु भित्र गयो ।

सम्पन्न्ता झल्काउने खालको बैठक कोठामा पसेर सोफामा बस्नुअघि उसले किचन तिर झुलुक्क हेर्यो। खै के टिप्न हो , निहुरिएकी उनको अरुबेला देख्न मुस्किल पर्ने शरीरको केही भाग देखियो । उसले संजोगले भनौं कि चोरेर त्यो सब हेर्यो र त्यो लाज लाग्ने हेराइ उनले थाहा नपाउन् भनेर ऊ झस्कियो । धेरै बेर नकुर्दै उनले दुईवटा सेता टि कपमुनि प्लेट राखेर बाफ उडाउँदै चिया लिएर आइन् र उसको छेवैमा बसिन् । उसले असजिलो मान्दै दबेको स्वरमा सोध्यो - सर , म्याडम खै त आज ?

चिया भन्दा निकै मीठो आवाजमा उनले भनिन् - बिहानै पोखरा जानुभयो । र त म आज त्यतिबेलासम्म सुतिछु यसो भन्दा उनी लजाएको उसले सजिलै चाल पायो ।

अनि तिमी त गईनछौ त , किन ? लानु भएन ?

यहाँ घर रुङ्नुपरेन त ?

उसलाई यिनी यही घरकी छोरी हुन् भन्ने् कुरामा विश्वास थियो । तर , अहिले शंका लाग्यो । सिधै सोध्न चाहिँ उसलाई मन लागेन । अझ यसो भनौं , सोध्न सकेन ।

निकैबेर गफ गरेपछि थाहा भयो कि उनी त्यस घरकी छोरी नभएर काम गर्न बसेकी रहिछिन् र नाम रहेछ माया । उनको दिनचर्या सुनिसकेपछि ऊ उनीप्रति अझै मायालु र नजिक भएको महसुस गरिरहेको थियो । उठेर हिँड्नै लाग्दा अनायासै उनका हातमाथि आफ्ना हात खप्टिए । पहिलो स्पर्श । उसले ती हात समातेर उचाल्यो । आफ्नो अनुहारसम्म ल्यायो। आँखासम्म । त्यसपछि ओठको नजिकै पुर्यायो। अनि छोडिदियो । ऊ लजाउँदै सुस्तरी बोल्यो । ल म गएँ है माया उनी मुसुक्क मुस्कुराइन् र टाउको हल्लाइन् ।

यसरी उनीहरू विस्तारै विस्तारै नजिक हुँदै गए । मौका मिल्दा सुखदु:खका कुरा हुन् थाले । घरपरिवार , रुचि र उद्धेश्यका कुरा भए । चिया खाने काम बिहान नियमित र आक्कलझुक्कल दिउँसो पनि हुन् थाल्यो । दिउँसो चाहिँ त्यस घरका साहु साहुनी नभएको बखत मात्रै जान्थ्यो ऊ ।

साहु , साहुनीलाई यस्तो माया गर्थ्यो कि बाहिर कतै जाने बेला निकैबेर गुनुमुनु गुनुमुनु गरिरहन्थ्यो र हात समाउँथ्यो , खेलाउँथ्यो र ओठमा लगेर लामो समय राखिरहन्थ्यो । अनि घरमा फर्केर भेट्ने बित्तिकै श्रीमतीको काखमा ढल्किन मन पराउँथ्यो । उनी पनि काखमा स्वामीको शिर राखेर खिरिला लामा नरम औंला कपालभित्र घुसारेर गर्नथिन् गरिरहर्निथिन् धेरैबेर । यी सब कुरा सौगातले मायाबाटै थाहा पाएको थियो । मायाले आफूलाई यस्ता कुरा सुनाउनुको मतलब बुझ्न राती सुतेपछि ओछ्यानमा ढल्केर दोहोर्याएर सम्झिन्थ्यो । यसो गर्दा उसलाई समयमा निद्रा पर्दैनथ्यो । कहिलेकाहीँ त उज्यालो हुन् बेला मात्रै निदाउँथ्यो । यो बेग्लै कुरा थियो ।

दिउँसोको कामले मात्रै आजीविका चले पनि उसले बिहानको काम छोडेको थिएन । कतिपटक त छोड्नेबारे सोच्यो पनि तर त्यो काममा नगएपछि त दिनकै मायासँग कुन बहानामा भेट्नु ? बाध्यताले शुरु गरेको हकर काम अहिले उसको लागि रहरजस्तो भएको थियो । तथापि त्यसबाट कोठा भाडा तिर्न र गाउँमा भएकी बिरामी आमालाई औषधी पठाउन ठूलै सहयोग पुगिरहेको थियो । जुनसुकै काम होस् , त्यसमा थपथाप गर्न बिहानी कमाइले राहत दिइरहेको थियो । र , सबैभन्दा मुख्य कुरा मायाको हातले पकाएको चिया खान र एकैपल भए पनि उसको मुहार हेर्न ऊ हरदम लालायित थियो । यसैको लोभमा उसले यो काम नछोड्ने अठोट गरेको थियो ।

साहुनीको माइती पोखरा । बेलाबेलामा गइरहर्निथिन् । शनिबार बिहानै उनी पोखरा हिँडेपछि मायाले निकै राहत महशुस गरेकी थिईन् । कारण थियो , माया दिनभर जसो उनकै लुगाकपडा धुने , सुकाउने , आइरन गर्ने , पट्याउने , थिन्क्याउने लगायतका काममा व्यस्त हुनुपर्थ्यो । साहु पनि खाना खाएर अफिस गइहाले । यतिबेला उनले गर्नुपर्ने काम सक्किसकेको थियो र मनमा कुरा खेल्न थालेको थियो । सौगातले बिहान हतारहतार चिया खाएर हिँडेको सम्झेर उनले अहिले आएपनि फुर्सदमा गफ गर्दै चिया खुवाउने थिएँ भनेर कल्पिन् । किनकिन आजकाल सौगातको याद बाक्लो आउन लागेको छ उनलाई । कोठामा पस्ने , बस्ने , उठ्ने , ढल्किने , ऐनामा आफ्नो ज्यान हेर्ने गर्दै उनी उसैलाई सम्झिरहेकी थिईन् । त्यहीबेला डोअरबेलको मीठो ध्वनिले उनको ध्यान भंग गरिदियो । को आयो होला भन्ने् सोच्दै उनी गेट खोल्न गइन् । अगाडि साहुजी उभिएका थिए । यति छकालमै त उनी घर कहिल्यै फर्कदैनथें । आज के भएछ कुन्नि् १ पक्कै केही भएको हुनुपर्छ भन्ने् सोच्दै उनले साहु भित्र छिरेपछि गेट बन्द गरिन् ।

माया एक गिलास चिसो पानी लिएर आऊ त उसले आफ्नो कोठाबाटै बोलायो ।

पानी पिएपछि उसले आफू छिटै आउनाको कारण खोल्यो । अफिसको सिँढीमा लडेर खुट्टा बेस्सरी ठोकियो , जाऊ कचौरामा तेल लिएर आऊ त

माया आज्ञाकारी भएर गई र तेल लिएर आई ।

मेरो हात पनि कता ठोकिएछ कुन्नि् दुखिरहेको छ । तिम्रो काम छैन भने मलाई एकछिन सहयोग गरिदेऊ न है ?

उसले के सहयोग गर्नुपर्ने हो केही बुझिनँ र अनौठो मानेर उभिईरही ।

उसले हाँस्दै भन्यो , एकछिन तेल लगाइदेऊ न

अप्ठ्यारो मान्दै उसले तेलको कचौरो समाती र अप्ठ्यारै मानेर छेउमा बसी । यसअघि साहुनीलाई दिन बिराएर जसो ज्यान मालिस गरिदिन्थी ऊ । तर साहुलाई भने अहिलेसम्म गरेकी थिईनँ । सायद साहुनीले नै गर्दिहुन् भन्ने् ऊ सोच्दथी । तेरो हातले मालिस गरेपछि सारै आनन्द आउँछ माया कहिलेकाहीँ साहुनी उसलाई फुर्क्याउँदै भर्निथिन् । ऊ मक्ख पर्थी । तर आज साहुको पिँडुला मालिस गर्नुपर्दा उसलाई अति नै असजिलो लागिरहेको थियो । साँझतिर बाहिर गएको ऊ राती घर आएको पनि चाल पाईनन् उनले । राती आएर फेरि दिउँसोको जसरी नै मालिस गर्न लगाउँछ कि भनेर ठूलो चिन्ता थियो उनलाई ।

भोलिपल्ट बिहान चिया पिउँदै गर्दा सौगातले लजाइ लजाइ मायासँग आज फुर्सद के छ ? भनेर सोध्यो । फुर्सद त फुर्सदै छ तर बाहिर जान मिल्दैन । बरु तपाईंको फुर्सद भए दिउँसो यतै निस्कनुस् न मायाको यस्तो जवाफ पाएर ऊ प्रफुल्ल मुद्रामा त्यहाँबाट हिँड्यो । बिहानको खानपिन सकेपछि साहु अफिस गयो र माया कोठामा ढल्केर झ्याल खोलिन् र सौगात आउने बाटो हेर्न थालिन् ।

आज त साहु दिउँसै घर नआउलान् नि आए भने त वर्बादै हुन्छ । मायाको मनमा सौगात आउने खुसी र साहु आउनसक्ने डर दुवै सँगसँगै मिसिएर आइरहेका थिए । हिजो झैं आएर फेरि तेल मागे॥ भने म के गरौंला १ उनी सोचमा डुबिन् । नमानौं भने सानैदेखि पालनपोषण गरे , हुर्काए बढाए । माया ममता दिए । मानौं भने दिनदिनै अधबैंसे पुरुषको जीउ मालिस गरिदिनु पर्ने १ उनी आफू भयङ्कर संकटमा फसेको अनुभव गरिन् ।

उता सौगात आजचाँहि मनको कुरा खुलस्त भन्छु भनेर सोच्दै कसरी कुराको शुरुआत गर्ने होला भनेर आइडिया खोज्दै थियो । खाली हात जाऊँ कि , केही उपहार पनि लैजाऊँ उपहारमा के लैजाँदा ठीक होला ? फेरि मायाले अस्वीकार गरि भने के गर्ने दयाले के बिहान बिहान एक कप चिया खुवाएकी थिएँ यत्रो हिम्मत ? भन्ने् पो हो कि सोचको सागरमा पौडिदैं थियो ऊ पनि ।

अब त सौगात आउनुपर्ने हो कतै नआउने पो हो कि ? ढाँट्नु त नपर्ने ऊ आएपछि म पनि आफ्नो मनको कुरा राख्छु । बरु कुरा पो कसरी शुरु गर्ने होला ? माया पनि उसकै बारेमा कल्पिरहेकी थिईन् । यत्तिकैमा उनको सोचलाई खल्बल्याउँदै डोअरबेलले मीठो संगीत बोल्यो । उनले पक्कै पनि सौगात नै हुनुपर्छ भन्ने् सोचिन र एकपटक आफ्नो ज्यान दराजको ऐनामा हेरिन् र मुस्कुराउँदै गेट खोल्न गईन् । गेट खोलिसक्दा सधैं देख्ने मान्छे देखेर पनि उनी नराम्ररी झस्किइन । ऊ मुसुक्क हाँस्यो र सरासर भित्र गयो । हातमा खै के को हो पोको बोकेको थियो , तर उनले त्यसमा ध्यान दिईनन् । उनलाई त एकैपटक दुईवटा चिन्ताले गाँजेको थियो । साहू नबाहिरिदैं सौगात आउला भन्ने् डर र त्योभन्दा पनि धेर त हिजो झै साहूले खुट्टा दुख्यो भनेर पूरै जीउ मालिस गराउला र सोही बहानामा आफूलाई शोषण गर्ला भन्ने् पीर

उनी गह्रौं मन पारेर भित्र गईन साहूले भान्साकोठामा बोलायो र दुईवटा प्लेटमा प्याकिङ गरेर ल्याएको नास्ता राख्यो । ल तिमी पनि खाऊ भन्दै आफू पनि खान थाल्यो । गिलासमा रेड लेबलको बोतलबाट एक पेग खन्यायो र पिउन थाल्यो । उनले जे नहोस् भनेर कामना गरिरहेकी थिईन , त्यही हुन् भयो । केहीबेरपछि हिजो झैँ बउलमा तेल लिएर रुममा आऊ है भनेर बोलाएर गयो । जाम्‌ कि नजाम भएर निकैबेर घोरिएर उभिईरहिन । फेरि साहूको बोलावट सुनेपछि उनी तेल लिएर गईन र उसले भने मुताविक मालिस गरिदिन थालिन । श्रीमतीले छोडेको दुई दिन भएको , मायाको फक्रदै गरेको सोह्र वर्षे जवानी देखेर हुरुक्क भएको र रक्सीको नसामा उसले मायालाई मालिस गर्दागर्दै च्याप्प समातेर सँगै सुताउन खोज्यो । तर मायाले उम्किने हरप्रयास गरिन् । केही नलागेपछि चिच्याउन खोजिन् र अन्तमा उसको बाहुपासबाट उम्केर भाग्न खोजिन । तर भागेर पनि कहाँ जानू र भान्साकोठामा पसिन् यताउता हेरिन । साहू त मैमत्ता भएर उनको पछिपछि पो आउँदै रहेछ । उसले अँगालो मार्न झम्टनु अघि उनले हत्तपत्त एउटा चक्कु टिपिन् र उसलाई ताकिन । यहीबेला कानै खानेगरि डोअरबेल बज्यो । यसले मायाको हौसला बढाउन हुन्सम्मको काम गर्यो । एक्कासि उनको ज्यानमा काली भगवतीको सवार भयो र आँखा राताराता भए । कानबाट रगत चुहिएला जस्तो भयो । श्वासप्रश्वास छिटोछिटो चल्न थाल्यो र हातमा भएको धारिलो चक्कु साहूको छातीमा कसरी गड्यो उनले पत्तै पाईनन् ।

उसको चिच्याहट र रोदनले घरको सीमाना नाघ्यो । गेट पार गरेर सौगात पनि त्यहाँ पुगिसकेको थियो भने छिमेकका मान्छेहरू आउने संभावना पनि बढेकै थियो । तर साहूले अन्तिम सास फेरुञ्जेलसम्म थप मान्छे कोही आएनन् । बरु मान्छे आइदिएको भए प्रहरी बोलाउथें , आउँथे र गिरफ्तार गर्ने थिए । तर त्यहाँ त केही नभएको झैं सुनसान थियो र बाक्लो स्तब्धता छाएको थियो । यस्तो बेला के गर्नुपर्ने हो १ दुवैलाई थाहा थिएन ।

सौगातले अघि नै देखि हातमा लिइराखेको रातो गुलाबको फूल मायालाई दियो । उनले त्यो उपहार हातमा लिंदै भनिन् हाम्रो प्रेम शुरु नहुँदै अन्त्य हुन् भो सौगात र एउटा लामो सुस्केरा हालिन् । उसले उनको हात समाउँदै भन्यो यो प्रेमको अन्त्य यति सजिलै हुँदैन माया म छु नि तिम्रो साथ । त्यसपछि उसले मायालाई लिएर वकिलकोमा गयो , जहाँ ऊ हरेक बिहान पत्रिका पुर्याउन जान्थ्यो । वकिलको सल्लाह अनुसार उनीहरू अगाडि बढे र स्वाभिमान कायम राख्दै प्रेमको पूजा गरे ।


नियात्रा

# स्मृतिको क्यानभास-२ (४)

✍ रामप्रसाद पन्त

मैले प्रश्न तेर्स्याएँ रामप्रीततिर । उनले भने– ‘आप चाहेँगे तो गुड खिलायेंगें ।’ सुनेर हामी सबै उत्साहित भयौँ– मौकाले बाइरोड प्रयोग गरिहेका छौँ भने उखु पेल्ने तरिका र गुड बनाउने प्रक्रिया किन थाहा नपाउने ?

गाडी बाटो छेउ लागेर अडियो । हामी क्यामेरा तेर्स्याउँदै उखुको रासतिर लाग्यौं । उखु पेल्ने किसानहरू सावधान भए । उनीहरूले सोचेछन् कुनै टेलिभिजन आयो भनेर । हामीले हेर्‍यौँ मेशिनमा उखु हालिरहेको, रसको धारो खसिरहेको, पाइपबाट रसेटोमाथि बसालिएको ठूलो कराहीमा गइरहेको, ‘चकोला’ नामक वनस्पतीको रसबाट उखुको रस सफा गरी (गाज फिँज निकाली) अर्को कराहीमा सारिएको र क्रमश: दोस्रो, तेस्रो, चौथो हुँदै पाचौँ कराहीमा पुगेर गुड तयार भएको रमाइलो दृश्य । बिक्रीको लागि पनि राखिएको रहेछ गुड । स्पेशल बीस किलोको कार्टुनको मूल्य सात सय ।




गुड खाने त मन थियो तर त्यत्रो कारखानामा आएपछि किलोभन्दा तल के कुरा गर्नु र किनिहाले पनि बोकेर कहाँ लैजानु ? फेरि केही साथीहरू चिनीका रोगी ! किनिहाल्ने छाँटकाँट कसैमा देखिएन । हामीले सित्तैमा चाख्यौँ गुड र फर्कियौँ पूर्ववत् । ठूलो अक्षरमा ‘इकवालपुर’ लेखेको देखियो अलिकति अगाडि । बाटो काटेर बसेको रेलवे लाइन भेटियो त्यहीँ । तर रोकिनु परेन । अर्को एउटा सङ्केतसूचक पाटीले दूरीको जानकारी गरायो– देहरादुन-हरिद्वार ६० किमी, देहरादून-ऋषिकेश ४६ किमी ।

‘ऋषिकेश’का प्रत्येक अक्षरले मेरो दशदश वर्ष उमेर घटाएको महसुस गरेँ मैले । अर्थात् म चालीस वर्षअगाडि फर्कें । त्यो ४६ किलोमिटर बाटो मैले त्यसबेला ५ पटक ओहोरदोहोर गरेको थिएँ । तर यति नै किलोमिटर छ भन्ने मैले भुलिसकेको रहेछु । हनुमानपुर पुगेर मुख्य सडकमा जोडियौँ हामी र सोझियौँ देहरादूनतिर ।

मोहन्डा पुगेपछि १८ किलोमिटर बाटो बाँकी हुँदो रहेछ देहरादून पुग्न । मोहन्डा अर्थात् पहाड र समथर भूभागको मिलनविन्दु । मानौँ हामी अब वीरगन्ज-हेटौँडाबीचको पथलैयाबाट चुरे चढ्दै छौँ । हाम्रोशैवालिक क्षेत्रको माटो र त्यहाँको माटो उस्तै उस्तै । घुम्ती र डाँडापाखाहरू पनि उस्तै उस्तै । हाम्रो चुरे क्षेत्रमा त्यति बाँदर छैनन् क्यारे ! तर त्यस माटोमा बाँदरको बगाल प्रसस्तै । *(क्रमश:)*

हामी जाममा पर्‍यौँ अलिबेर । कारण दुईवटा रहेछन्– एउटा, कुनापट्टि अप्टिक्स बिछ्याउन कुलो खनिँदै रहेछ । दोस्रो, छेउपट्टि एउटा कार पल्टेर अवरोध सिर्जना गरेको रहेछ । दुई लेनको बाटोमा गाडी भयो वन वे ।

देहरादून पुग्नुभन्दा १३ किलोमिटर वरै पहाडको बीचमा डाटकाली मन्दिर रहेछ । त्यो मन्दिर नेपाली मूलका कुनै व्यक्तिले निर्माण गरेका रहेछन् । ती व्यक्तिको नाम के थियो होला ! हामीले जान्ने कोशिस गर्‍यौँ तर हाम्रो प्रयास सफल भएन । मलाई जान्ने अर्को पनि उत्सुकता थियो– पुराण इतिहासमा कतै नसुनेकी डाटकाली माता आखिर को रहिछन् र यिनको महत्व के रहेछ ?

यसका लागि पनि मैले र लेकालीजीले एकछिन कसरत गर्नैपर्‍यो । अन्ततः हामी सफल भयौँ । हामीले डाटकाली चालीसा हात लगायौँ ।

माता डाटकाली शिवपत्नी सतीकी अंश रहिछन् । यिनलाई उमा वा पार्वती भनेर पनि पुकारिँदो रहेछ । डाटकालीलाई एकाउन्नौँ शक्तिपीठको रुपमा लिइँदो रहेछ । डाटकालीको यति ठूलो प्रभाव रहेछ, माता सवार भएको मूर्तसिंह जीवरुप बनेर रातमा त्यस शैवालिक पहाडमा घुम्छ र पुण्यात्माहरूलाई दर्शन दिन्छ रे !

सँगै अर्को भद्रकाली मन्दिर पनि थियो । त्यो चाहिँ वीर बलभद्र कुँवरले बनाएको स्पष्ट उल्लेख थियो । हामीले गाडी रोक्यौँ र ती मन्दिरमा प्रतिष्ठापित देवीहरूको दर्शन गर्‍यौँ । तर डाँटकाली देवीको महत्व र संस्थापक व्यक्तिको नाम थाहा पाउन सकिएन ।

ट्रान्सपोर्ट नगरबाट पहाडी भूभाग सकियो र दून प्रदेश सुरु भयो । घरहरू बाक्लिँदै गए, सडकहरू मोटाउँदै गए । मैले हेरेँ र चालीस वर्षपछि फर्कें तर केही मेसोभाँति पाउन सकिनँ । प्रशिद्ध बास्मती चालमको राजधानीमा अहिले घरैघर फलेछन् । कतै देखिनँ खेत मैले, कतै देखिनँ धान मैले । बरु कोदो फलेको देखेँ बारीमा ।

हामी क्रमश: बजारमा प्रवेश गर्‍यौँ र गोरखा साहित्य परिषदका अध्यक्ष तथा साहित्यकार भूपेन्द्र अधिकारीसँग फोनसम्पर्क गर्‍यौँ । रामप्रीतले हामीलाई त्यतैतर्फ उन्मुख गराए । म सोच्दै थिएँ, कहाँ थियो मैले जाँच दिएको सेन्टर ? क्याम्पस थियो कि स्कुल ? विद्यालय थियो कि विश्वविद्यालय ? कुन क्षेत्रमा थियो ? कुन सडकमा ? म कुन सडकमा गुड्दै छु ? अत्तोपत्तो भएन ?

मेरो कुरा सुनेर रामप्रीतले अनौठो कुरा गरे – त्यसबेलाको नहरमाथि अहिले सडक बनेको छ, हामी नहरलाई तल पारेर माथिमाथि गुडिरहेका छौँ । यति लामो कालखण्डमा कति परिवर्तन भयो, अब पुरानो कुरा खोजेर कहाँ पाइन्छ ?

ठीकै भने रामपृतले । खेतै नभएपछि नहरै किन चाहियो ? घरैघर बनेपछि नहर पुरेर बाटो नबनाई कहाँ सुख पाइयो ?

कुरैकुरामा हामी अधिकारीको घरै अगाडि पुगिसकेछौँ । उनी बाटोमैहाम्रो प्रतीक्षा गर्दै रहेछन् । हामी उनको घरमा बसेर चिया चमेना र बम्बैसन खायौँ । कुरैकुरामा उनले भने – मेरो घर अलिपर छ, यो त डेरा । यहाँ बच्चाबच्चीहरू बस्छन् ।

मेरो मनमा आशङ्का जन्म्यो – अधिकारीको दुई परिवार त होइन ? तर होइन रहेछ । भाइको परिवार बाहिर गएपछि रित्तो भएको घरमा अधिकारीले विद्यार्थीहरू राखेर पढाएका रहेछन् । त्यहाँ हामीहरू अट्न सक्ने सम्भावना थिएन । अधिकारीले हाम्रो लागि बासस्थानको व्यवस्था गोरखा वेलफेयर सेन्टरको भवनमा गरेका रहेछन् ।

हामी ढिलो नगरेर गाडीमा बसिहाल्यौँ र छाउनी, गढीकैन्ट हुँदै नयाँगाउँ स्थित गोर्खाली सुधार सभाको भवनमा पुग्यौँ– बेलुका सात बजे ।

## जाडोमा कस्ता लुगा लगाउने ?

मौसमसँगै पहिरन शैली पनि बदलिन्छ । जाडो मौसम शुरु भइसकेको छ । जाडोमा बाक्लो र पूरा शरीर ढाक्ने न्यानो कपडा खोज्ने गरिन्छ । यद्यपि अहिले पहिरनको सम्बन्ध आङ ढाक्न वा जाडो छल्नमा मात्र छैन । यो मानिसको व्यक्तित्वसँग अभिन्न रुपले जोडिएको छ । आफ्नो शरीर अनुसार कस्तो पहिरन सुहाउँछ भन्ने् कुरामा बढी सचेत हुन् थालिएको छ । आफूलाई सुहाउँदो एवं आकर्षक देखिने पहिरनको खोजीले फेसन बजारलाई बाह्रैमास चलायमान बनाउने गर्छ ।

जाडो महिनामा विशेषगरी महिलाका लागि अनेकथरी कपडा बजारमा पाइन्छ । जस्तै, कुर्तामा उनी (उलन) र मखमल (भेल्भेट) को कपडा जाडो महिनाको लागि उपयुक्त मानिन्छ । बुटिकबाट बन्ने भेल्भेट पछिल्लो समय चलेको फेसन हो । यसमा लुज टाइपको प्लाजो पाइन्ट पनि पर्छ । कामकाजी महिलाहरूको हकमा लामो कुर्तीमा प्लाजो पाइन्ट जाडो मौसमका लागि उपयुक्त हुन्छ । कोटमा हिपसम्मको सर्ट कोट पनि राम्रो देखिन्छ । हिपलेन्थसम्मको कोटमा सिंगल बटन लगाउने यसमा वेस्ट लेन्थसम्म बटन प्रयोग गर्नुपर्दैन ।

भेला, लाइक्रा जस्ता फेब्रिकले मान्छेलाई न्यानो बनाउँछ । डिजाइनको कुरा गर्दा क्याजुअल पोशाकमा प्यारलल पाइन्ट र लङ कोटहरू जाडोको लागि उपयुक्त हुन्छ । पार्टी वेयरमा भेलनको साडीहरू, भेल्भेटकै गाउनहरू बढी चलनचल्तीमा छन् । पार्टीका लागि लेहेंगा र साडी नै राम्रो देखिन्छ । जसमा त्यही कलरको भेल्भेटमा इम्ब्रोइडरी गरिएको फुल बाहुलाको ब्लाउज राम्रो हुन्छ । यो न्यानो पनि हुन्छ ।

पछिल्लो समय मंगोलियन अनुहार भएका व्यक्तिहरू कोरियन फेसनप्रति पनि आकर्षित भएका छन् । संख्यात्मक हिसाबमा हेर्दा यस्तो पहिरन मन पराउनेहरू कम भएपनि यसका प्रयोगकर्ता बढ्दै गएका छन् । मंगोलियन मूलका मान्छेलाई कोरियन फेसन बढी सुहाउने भएकोले पनि यसमा आकर्षण बढेको हो । आर्यन मूलका मान्छेमा भने कोरियन फेसनको प्रभाव शून्यप्राय: छ ।

कतिपयले धेरै कपडा देखाउँदा बढी फेसनेबल देखिन्छ भन्ने सोचाइ राखेको भेटिन्छ । यस्तो सोचाइ राख्नेहरू जाडोभन्दा गमी मौसम बढी उपयुक्त मान्छन् । तर यो विचार सही हो जस्तो लाग्दैन । कपडा धेरै देखाउँदाभन्दा आफूलाई सुहाउँदो र मौसम अनुकूलको कपडा लगाउँदा बढी फेसनेबल देखिन्छ । सबै शरीर ढाकेर पनि कपडाको रंग र कपडाको आकारको आधारमा फरक फेसन देखाउन सकिन्छ । तर पूरै शरीर ढाक्ने, बाक्लो पहिरनमा पनि कसरी फेसनेबल देखिन के गर्ने त ? भन्ने् प्रश्न आउन सक्छ । त्यसको लागि बडी टोन देखाएर कपडाको डिजाइन गर्ने र स्किनी बेस बनाएर पनि देखाउन सकिन्छ ।

कालो, आगो जस्तो देखिने रंग, गाढा हरियो, वाइन कलर र बैजनी (परपल) रंगका कपडा जाडो मौसममा धेरै रुचाइन्छ । जाडो मौसममा हाम्रो शरीरलाई न्यानोको आवश्यकता पर्छ । तर माथि उल्लेखित यस्ता कपडाहरूले घामको तापलाई सोस्छ र शरीरलाई सधैं न्यानो प्रदान गर्छ । त्यसैले चिसो मौसमका लागि रंग, कपडाको प्रकृति र त्यसको बनोटले पनि असर गर्छ ।

# अनिकाल र द्वन्द्वको चपेटामा सोमालिया



विष्णु भट्टराई

पूर्वी अफ्रिकी राष्ट्र सोमालिया लामो समयदेखि सशस्त्र विद्रोहीहरूको चपेटामा छ। विद्रोही संगठन अलसबाब भने निकै शक्तिशाली मानिन्छ । अलसबाबले बम पड्काउने, निर्दोष मानिसहरूको हत्या गर्ने, लुटपाट मच्चाउने जस्ता आतंककारी गतिविधि गरेर सरकारलाई चुनौती दिइरहेको छ। यसले बम ब्लास्टिङ गराएर आधा दर्जन नागरिकको प्राण हरण गरेको छ। आदिवासी क्षेत्रहरूमा यसको विशेष वर्चस्व रहेको छ । गजब के छ भने सोमालियामा अन्न् खान नपाएर दिनहुँ मानिस मरिरहेका छन् तर अलसबाबले भने अत्याधुनिक बन्दुकहरू बोकेर सरकारसँग लडिरहेको छ । उनीहरूले हतियार कसरी किन्छन्, पैसा कहाँ पाउँछन् ? कहाँबाट हतियार ल्याउँछन् अनि उनीहरूको युद्धको उद्देश्य के हो ? सोमालियाका जनतालाई थाहा छैन । अलसबाबको आक्रमणहरूका समाचारले विश्व सञ्चार क्षेत्रलाई मसला भने दिइरहेको छ ।

केही अघिको घटना हो, सोमालियाको एक अस्पतालमा खान र आवश्यक प्रसूति सेवा नपाएर एक महिला र नवजात शिशुले ज्यान गुमाउनु पऱ्यो । यो समाचारलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रसारण गरे । तर यसको प्रभाव कतै पनि परेको देखिएन । विज्ञान प्रविधिको विकास चरमोत्कर्षमा पुगिरहेको अहिलेको समयमा एउटी महिलाले सामान्य प्रसूति सेवा पाउन नसकेर प्राण त्याग्नुपर्छ । योभन्दा लाजमर्दो अवस्था अरु के हुन् सक्छ ? दुनियाँमा महिला हक अधिकारका लागि भनेर काम गर्ने एनजीओहरूको बिगबिगी छ। महिलावादी अन्तर्राष्ट्रिय संघसंस्थाहरू छन् । तर सोमालियाको यो घटना उनीहरूका लागि असाधारण बन्न् सकेन । संयुक्त राष्ट्र संघ समेतले एक्काइसौं सदीको यो लज्जास्पद घटनालाई गम्भीरतापूर्वक लिएको देखिएन । एक महिलाले सुत्केरी हुँदा खान नपाएर भोकभोकै मरेको यो घटना साच्ची हृदयविदारक छ। धनीका घरमा पालेको टाइसन कुकुरले दिनमा ६ केजी मासु खाने गरेको समाचार पढ्न पाइन्छ तर सोमालियाका महिलाहरू सुत्केरीमा उपचार सेवा त परै जाओस् भोकभोकै तड्पी तड्पी मरिरहेका छन् । एकातिर गरिबी त्यस्तो छ, त्यहीँ फेरि सशस्त्र द्वन्द्व दन्दनाइरहेको छ । उफ, कस्तो होला त्यहाँको जनजीवन ?

सोमालियामा अनिकाल लागेको धेरै वर्ष भयो । प्रकृतिले पनि ठगेको छ, सोमालियालाई । पानी पर्दैन, अन्न् बाली फल्दैन । जंगलका कन्दमूल पनि सकिए । जंगली पशुहरू र चराचुरुंगीहरू पनि देखिँदैनन् आजकल । शिकार गरेर पेट भर्ने त्यहाँका आदिवासीहरूको बिजोग हुने् क्रम बढ्दो छ। भोकभोकै आन्द्रा सुकेर मर्दैछन् त्यहाँका बासिन्दा । राम्रा र स्वास्थ्य बच्चाहरू कतै देख्न पाँइदैन। कुपोषणले घिनलाग्दा छन् बालबालिकाहरू । दिनहुँ खान नपाएर मर्नेहरूको संख्या बढिरहेको छ । बाँच्नका लागि आफ्नै सन्तानको मासु खानुपर्ने नियति बन्दै छ सोमालियाबासीका लागि। यस्तो घटना घटेमा उनीहरूलाई दुनियाँले राक्षसको संज्ञा दिनेछन्। धार्मिक ग्रन्थहरूम वर्णन गरिएका राक्षस हुनेछन् उनीहरू। यस्तो घटना भलै नघट्ला तर भोको पेटले जे पनि गर्न सक्छ भन्ने् यथार्थतालाई बिर्सन सकिन्न्। दुई वर्षको अवधिमा दुई लाख ६० हजार सोमालियाबासी खान नपाएर मरिसके।



तीन वर्षअघि संयुक्त राष्ट्रसंघले एक अर्ब डलर खर्च गर्न सकिए सोमालियाको अनिकाल टर्न सक्ने भन्दै सहयोगका लागि आह्वान गरेको थियो। तर कुनै पनि धनी राष्ट्रले सोमालियालाई आर्थिक सहयोग गर्न चाहेनन् । राष्ट्रसंघले भनेको छ यदि सोमालियामा खाद्यान्न् सहयोग नभएमा अब पाँच लाख मानिस भोकले मर्नेछन् । अर्थात् अहिले त्यहाँ पाँच लाख जनता मृत्युका मुखमा छन्। एकातिर आन्तरिक द्वन्द्वमा मारिनेहरूको संख्या बढ्दो छ भने अर्कातिर अन्न् ाभावले यति धेरै मानिसहरू मृत्युका नजिक पुगेका छन् । सोमालियाको यस्तो भयावह र दारुण स्थितिप्रति विश्वका धनी राष्ट्रहरूले रत्तिभर पनि ध्यान दिएका छैनन्। मानव सभ्यताले चरमोत्कर्षको रुप लिइरहेको वर्तमान समयमा सोमालियाको भोकमरिको अवस्था किंवदन्ती जस्तो बनिरहेको छ।

पूर्वी अफ्रिकी मुलुक सोमालिया लगायत अन्य आधा दर्जन मुलुकहरूमा भोकमरीको समस्या छ। यी देशमा चार दशकयता प्राकृतिक विपत्ति र गृहयुद्धले मानवीय संकट गहिरिँदै गएको छ। यो खबर विश्व समुदायलाई थाहा नभएको अवश्य होइन। अझ सोमालिया लामो समयदेखि खडेरीको मारमा छ। त्यहाँको जनजीवन अस्तव्यस्त छ र संकटमा छ । यदि त्यहाँ खाद्यान्न् सहयोग उपलब्ध हुन् सकेन भने सिंगो जनसंख्या नै भोकले मर्ने अवस्था आउन सक्छ। तर सोमालियालाई सहयोग गर्ने बारेमा विश्वका नेताहरूको ध्यान जान नसक्नु दुःखपूर्ण छ। धनी देशहरूले सहयोग गर्न इच्छा व्यक्त गरे सोमालियाको समस्या हुन् धेरै दिन लाग्दैन । त्यहाँ समुद्री मार्गबाट वा हवाई मार्गबाट तत्काल खाद्यान्न् पुऱ्याउन सकिन्छ। राष्ट्रसंघले बेलाबेलामा खाद्यान्न् सोमालियामा पुऱ्याए पनि त्यो हात्तीको मुखमा जिरा हुने् गरेको छ।

एक अर्ब डलरको अभावमा एउटा प्राचीन सभ्यता बोकेको ऐतिहासिक मुलुक सोमालिया मानवविहीन बन्न् सक्ने खतराको संघारमा देखिएको छ । धनी मुलुकका मानिसहरू धेरै खानपिनका कारण उच्च रक्तचाप र सुगरका रोगी भइरहेका छन् तर सोमालियाका जनताका खान नपाएर घुँडाका पाँग्रा निस्किरहेका छन्। आफ्नै शरीरका हड्डीले घोच्न थालेको छ उनीहरूलाई। बस्दा पनि चाक बिझाउँछ उठेर हिँड्ने तागत छैन आन्द्रा सुकेका छन्, भोकले । योभन्दा वीभत्स हालत अरु के हुन् सक्छ सोमालियाबासीका लागि। भोकैले मर्नुपर्ने कस्तो नियति हो उनीहरूको ?




हालै गरिएको एक अध्ययनअनुसार अमेरिका, फ्रान्स, बेलायत, जर्मन, जापान आदि धनी मुलुकहरूमा कुकुर र बिरालाका लागि अर्बौं डलर खर्च भइरहेको छ। कुकुर र बिराला पालनमा सौखिन छन् धनी मुलुकका बासिन्दा । जबकि विश्वका एक करोड २० लाख जनता दुई छाक खान पाउँदैनन् । उक करोड मानिसले भोकभोकै रात गुजार्ने गरेका छन्। विश्वमा खाद्यान्न्को अभाव छैन । विश्व जनसंख्या सात अर्बलाई खान पुगेर पनि बढी हुन्छ उत्पादित खाद्यान्न्। धनी देशहरूले खाद्यान्न् बढी भएर समुद्रमा फ्याँक्ने गरेका छन् । पशुपक्षी समेतले खाएर पनि बढी हुन्छ खाद्यान्न्। तर खाँद्यान्न् नपाएरै सोमालिया लगायत पूर्वी अफ्रिकी राष्ट्रका जनता मृत्युवरण गर्न बाध्य छन् । खाद्यान्न्को वितरणमा ठूलो पक्षपात छ। धनी देशले उब्रेको खाद्यान्न् पैसा पाए बेच्छन्, नपाए समुद्रमा हुत्याइदिन्छन् ।

गरिब देशहरूलाई खाद्यान्न् सहयोग गर्न उनीहरूले मनवीयता देखाउँदैनन् । खाद्यान्न् वितरणको असमानताले अनिकालग्रस्त क्षेत्रलाई सधैं प्रभाव पार्ने गरेको छ । पुँजीवादी देशहरूले गरिब देशका जनतालाई सहयोग गर्ने इच्छाशक्ति नराखेकै कारण सोमालियाको हालत चौपट भएको छ । धनी देशहरूका मानिसले कुकुर र बिरालापालनमा गर्ने खर्चको एक अंश पूर्वी अफ्रिकी राष्ट्रहरूलाई सहयोग गर्ने हो भने त्यहाँको भोकमरीको अन्त्य टाढा छैन ।

विज्ञान प्रविधि र मानव सभ्यताको विकास जति उचाइमा पुगिरहेको छ, पूर्वी अफ्रिकी देशका जनताको हालत नारकीय बनिरहेकोमा मानव सभ्यताकै भारी बेइज्जत भइरहेको छ । मान्छे चन्द्रमामा र मंगलग्रहमा बस्ती बसाउने तरखर गर्दैछ । चन्द्रमालाई पर्यटकीय क्षेत्रका रुपमा विकस गरिँदैछ । भरपुर दाम हुने्ले अब चन्द्रमामा सयर गर्ने भएका छन् । तर सोमालियाका जनता भने अन्न् खान नपाएर एकपछि अर्को गर्दै यमलोक पुग्दैछन् । चन्द्रयात्रा, मंगलग्रह खोजमा अर्बौं डलर खर्च भइरहेको छ । हो, चन्द्र धरातल मंगलग्रहमा मान्छे पुग्नुले मान्छेले प्रकृतिमाथि विजय गर्दै गएको खुसीको पक्ष छ तर यसमा खर्च हुने् रकमले भोका पीडित पूर्वी अफ्रिकी देशका जनतालाई भने अवश्य खिज्याइरहेको छ । अर्को पक्ष पनि छ, धनी देशहरूले हतियार निर्माणमा मात्र खर्बौं डलर खर्च गरिरहेका छन् । अमेरिका, रुस, चीन, जर्मन, फ्रान्स, बेलायत लगायतका धनी राष्ट्रहरू हतियार निर्माणको होडबाजीमा लागेका छन् ।





सबभन्दा बढी हतियार उत्पादन अमेरिकाले गरिरहेको छ । उसको हतियार बजार मध्यपूर्वका देशहरू रहेका छन् । अमेरिकी हतियार किन्न् खाडी मुलुकका शासकहरू अत्यन्त लालयित देखिन्छन् । अमेरिकाले इजरायलमा जुन हतियार बेच्छ त्यस्तै हतियार चाह गर्छन् उनीहरू । तेल बेचेर धनी भएका खाडी मुलुकहरू तेल बेचेको पैसा अमेरिकी हतियार खरिदमा लगानी गरिरहेका छन् । यता अमेरिकी भने इजरायललाई शक्तिशाली हतियार आपूर्ति गरेर र सहयोगको राशि वृद्धि गरेर मध्यपूर्वमा इजरायललाई शक्तिशाली बनाइरहेको छ । वार्षिक खर्बौं डलर आम्दानी गर्छ अमेरिकाले हतियार बेचेर । रुसले इरानमा हतियार बेच्छ, सिरियामा बेच्छ । चीनले श्रीलंका, म्यान्मार, पाकिस्तान लगायतका एसियाली मुलुकहरूलाई हतियार बिक्री गरिरहेको छ । हतियार उत्पादन र बिक्रीबाट धनी देशहरू झन् धनी बन्दैछन् । अझ थुप्रै देशहरू परमाणु शक्ति सम्पन्न् बन्न् अरबौं डलर खर्च गरिरहेका छन् । हतियारमा खर्च हुने्मध्ये एकतिहाई अंश मात्र मानव कल्याणमा लगाइने हो भने विश्वमै गरिबीको अन्त्य हुन् सक्छ तर धनी राष्ट्रहरू गरिब राष्ट्रका लागि लगानी गर्न रुचाउँदैनन् ।

ठूला समृद्ध मुलुकले युद्ध हतियार र अन्तरिक्ष अभियानका लागि गरेको खर्चमा थोरै मात्र कटौती गर्ने हो भने विश्वका कुनै पनि स्थानका लागि बासिन्दाले खाद्यान्न्को संकटको सामना गर्नुपर्दैन । हतियार र युद्धमा खर्बौं डलर खर्च गर्ने समृद्ध देशहरूले मानवताका लागि एक अर्ब खर्च गर्न पनि नचाहँदा पूर्वी अफ्रिकी मुलुकहरूले भोकमरीसँग लडिरहन परेको छ । जुनसुकै देशका मनिस भए पनि जन्मेपछि मानवीय मूल्यमान्यता अन्तर्राष्ट्रिय कानुनअनुसार पेटभरी खान पाउनुपर्ने हो । तर मनवाधिकारको डंका पिट्ने वैभवशाली राष्ट्रहरू यसबारे मौन बस्नु सर्वथा आश्चर्य छ ।

सोमालियामा पछिल्लो पटक देखिएको चरम मानवीय संकट एक अर्ब डलर खर्च गर्ने हो भने तत्कालका लागि टर्ने भन्दै ठूला देशलाई सहयोगका लागि राष्ट्रसंघले आग्रह गरे पनि त्यसको सुनुवाई भएको छैन । पूर्वी अफ्रिकी केही मुलुकहरू भोकमरी र द्वन्द्वको सिकार बन्दै आएका छन् । सन् २००५ मा नाइजेरियामा र सन् २००८ मा सुडानमा हजारौं मानिसहरू भोकभोकै मरे। कंगोमा सन् १९८९ देखि २००४ का बीचमा लाखौं मानिस खडेरीको चपेटामा निसासिए । स् १९८५-८८ र २००० मा इथोयोपियामा खाद्यान्न् अभावले दश लाख मान्छे परमधाम पुगे । सन् १९६७-७० को खडेरीले बाइफामा दश लाख मान्छे खान नपाएर मरे । सन् १९७० मा युगान्डामा भोकमरीले हजारौं मानिस मरे । सन् १९९१-९२ मा सोमालियामा खडेरी परेर दुई लाख मानिस मरे। अहिले ५ लाख मानिस अनिकालले ग्रस्त छन् । सोमालियाको ठूला र सम्पन्न् देशहरूले आर्थिक र खाद्यान्न् सहयोग गर्न आवश्यक छ। मानवीय सभ्यताले जतिसुकै उचाइ ग्रहण गरे पनि सोमालियाको भोकमरीले त्यसलाई गिज्याइरहेको छ ।

रोचक विश्व

## विश्वको सबैभन्दा सानो हेलिकोप्टर

संसारमा एक से एक अब्बल हेलिकोप्टरहरू छन्ज समध्ये कतिको आकार कारजत्रै त कतिको ठूलो ट्रक जत्रो पनि हुन्छ। तर अहिले संसारमा एउटा यस्तो हेलिकप्टर जसको आकार केवल तपाइँको मुट्ठीजत्रै छ। अझ अनौठो त के भने यो मुट्ठीभरको हेलिकप्टरको मूल्य चाहीँ वास्तविक हेलिकप्टर जत्ति नै छ।

यो विचित्रको हेलिकप्टरको आकार मुट्ठीमा अट्ने भएपछि यसको काम मान्छे बोक्ने त नहुने् नै भयो। वास्तवमा यसको काम निगरानी गर्नु हो।संसारकै सानो यो हेलिकप्टरको नाम एम(ज्ञण्ण द्यबिअप ज्यचलभत हो। संवेदनशील तथा उच्च प्राथमिकता प्राप्त अभियानमा सेना तथा प्रहरीहरूलाई निगरानी तथा जासूसी सहायता प्रदान गर्नका लागि यो हेलिकप्टरको डिजाइन गरिएको हो। यो हेलिकोप्टरको लम्बाई १० सेन्टिमिटर र चौडाई २।५ सेन्टिमिटर छ।

वास्तवमा यो रिमोटबाट नियन्त्रित हुने् ड्रोन हो जो अग्रपंक्तिमा खटिने सैनिकहरूको ज्यान जोगाउने उद्देश्यका साथ डिजाइन गरिएको छ। आफ्नो लडाकु भूमिकाको अलावा पीडी १०० ब्लाक हर्नेनको प्रयोग विपद प्रभावित क्षेत्रमा नागरिकको खोजी तथा बचाउ कार्यमा पनि गनृ सकिनेछ। नर्वेस्थित एचयह म्थलकष्अक कम्पनीले यो हेलिकप्टर ड्रोन तयार गरेको हो। यसको प्रयोग अमेरिका, फ्रान्स, बेलायत, जर्मनी, अष्ट्रेलिया, टर्की, नर्वे, नेदरल्याण्ड, पोल्याण्ड, न्यु जिल्याण्ड तथा भारतलगायतका देशका सैनिकले गर्ने गरेका छन्।

यो हेलिकप्टर सञ्चालनका लागि अपरेटरलाई २० मिनेटमै तालीम प्रदान गर्न सकिन्छ। यो हेलिकोप्टर ड्रोनमा तीनवटा क्यामरा छन्। एउटा अगाडितर्फ, अर्को सिधै तलतर्फ र तेश्रो तलतर्फ ४५ डिग्रीको कोणमा निगरानी गर्नेगरी क्यामरा सेटअप गरिएको छ। अर्थात यो ड्रोनका क्यामराको नजरबाट करीब कुनै पनि हिस्सा बँच्न सक्दैन।

ब्लाक हर्नेट हेलिकप्टरको प्याकेज खरीद गर्दा दुईवटा यस्ता हेलिकप्टर पाइन्छ। हेलिकप्टरलाई पूरा चार्ज गरेपछि आधा घण्टासम्म हावामा उडाउन सकिन्छ। यो हेलिकोप्टरको गति २१ किलोमिटर प्रतिघण्टा रहेको छ। मुट्ठीभरको भए पनि यसको मूल्य चाहीँ करीब डेढ करोड रुपैयाँ बराबर पर्दछ।

## सुन्दरता बढाउन अनुहारमा ५० थप्पड

संसारमा सुन्दरताको पारखी को पो नहोला र ? अनुहार तथा जीउडालको सुन्दरता बढाउनका लागि अनेक खालका उपायहरू अपनाउँछन् मान्छेहरू। के तपाईंले अनुहारको सुन्दरता बढाउनका लागि थप्पड हान्ने् चलनका बारेमा सुन्नुभएको छ ?

हो, दक्षिण कोरियामा मानिसको अनुहारको सुन्दरता बढाउनका लागि थप्पड हान्ने् चलन छ। थप्पड हानेर अनुहारको सुन्दरता बढाउने त्यो विधिलाई थप्पड थेरापी अर्थात स्लाप थेरापी’ भनिन्छ, जुन दक्षिण कोरियामा निकै लोकप्रिय छ।

दक्षिण कोरियाली महिलाले सदियौंदेखि सुन्दरता बढाउन यो थप्पड थेरापीको प्रयोग गर्दै आएका छन्। जसअनुसार महिलाहरू आफ्नो सुन्दरता बढाउनका लागि हरेक दिन आफ्नो गालामा ५० थप्पड हान्ने् गर्दछन्।

यसरी गालामा थप्पड खानाले अनुहारको छालामा निखार आउने र पहिलेभन्दा सुन्दर बन्ने् आम विश्वास छ। यो थेरापीमा जब गालामा हल्का थप्पड हानिन्छ तब अनुहारका हरेक हिस्सामा ताजा रगतको बहाव बढ्दछ। यसले छाला सफा गर्न मद्दत गर्दछ र अनुहारमा चमक आउँछ।

हुन्त थप्पड थेरापीको अर्थ कसैको अनुहारमा जोडसँग हिर्काउने होइन। यसमा विस्तारै हल्का हातले गालामा थप्पड हानिन्छ। महिलाहरू आफ्नै हातले आफ्नो गालामा थप्पड हानेर यो थेरापी गर्न सक्दछन्। यसमा दुईवटा हातले दुई गालमा छिटो छिटो हल्का थप्पड मार्नुपर्दछ।

दक्षिण कोरियामा प्राचीन कालदेखि नै प्रचलित यो थेरापी अहिले कोरियाली संस्कृतिको फैलावट सँगै विश्वव्यापी बन्न् थालिसकेको छ।

दक्षिण कोरियामा महिलाहरूले बच्चैदेखि यो थेरापीको प्रयोग गर्दै आएका हुन्छन्। महिला मात्र होइन पछिल्लो समय पुरुषहरूले पनि थप्पड थेरापी प्रयोग गर्न थालेका छन् ।

प्रेरक

## विचार र कार्यले नै महान

जर्ज बर्नाड शालाई उनकी एक महिलाले खानाका लागि आमन्त्रण गरिन् । शा ती महिला मित्रकहाँ बोलाएको समयमा ठ्याक्क पुगे । त्यहाँ खानाका लागि अन्य पाहुनाहरू पनि बोलाइएको थियो । सबै टाइसुटमा ठाँटिएका थिए । बर्नाड शाले भने प्वाल परेको कोट र पुरानो पेन्ट पहिरिएका थिए । शाको कपडा देखेर खानाको आयोजना गर्ने महिलाले निधार खुम्चयाइन् । उनको अनुहार निराश देखियो । ठीक समयमा शा आइपुग्दा ती महिला पहिले निकै गदगद भएकी थिइन् । जब उनले शाले लगाएको कपडा देखिन् उनको खुसी र चञ्चलता क्षणभरमै गायब भयो । ती महिलाको अँध्यारो अनुहार देखेर जर्ज बर्नाड शाले सोधे, किन तपाईंको मुड एक्कासी बिग्रियो ? अघि त निकै खुसी हुनुहुन्थ्यो ।

प्रत्युत्तरमा महिलाले भनिन्– प्लीज तपाईं आफ्नो कपडा बदलेर आउनोस् । यस्ता थोत्रे कपडा तपाईंलाई सुहाएन । ठीक छ' भन्दै शा बाहिरिए । उनी नयाँ सुट र टाइमा सजिएर आइपुगे । ती महिलाले उनलाई अंकमाल गरेर स्वागत गरिन् । अनि खानका लागि आग्रह गरिन् । शाले नजिकै राखेको आइसक्रिम उठाए र आफ्नो कोटमा दले । बियर कोटमै खन्याए । विभिन्न् खानाका परिकारहरू पेन्टमा दल्न थाले । भन्न् थाले– खाओ कोट पेन्ट खुव मजाले खाओ । यो स्वागत तिमीहरूकै लागि हो । जर्जको यस्तो अनौठो क्रियाकलाप देखेर उपस्थित पाहुन्‌हरूबीच खल्बली मच्चियो । शाकी मित्र महिलाले शालाई रोक्दै भनिन्– हैन यो के उपद्रव गरेको ? माहोल नै खराब भयो ।

शाले भने मैले जे गरेँ ठीक गरेको छु । यी खानाका परिकारहरू मेरा लागि होइनन् मेरा कपडाका लागि रहेछन् । तपाईंले स्वागत मलाई होइन, मैले लगाएका कपडालाई गर्नुभयो । त्यसैले आजको खाना खाने हकदार म होइन, मेरा कपडा रहेछन् । शाको भनाइ सुनेर ती महिला नतमस्तक भइन् र शासँग क्षमा याचना गरिन् । मानिस महान र बुद्धिमान उसले लगाएको कपडाले बताउने होइन । मान्छेले गरेको कार्य र उसले लिएको विचारले नै जोकोहीलाई महान बनाउने हो भन्ने कुरा ती महिलाले बल्ल बुझिन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ । पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा फाइदा हुनेछ । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ । परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ ।

### वृष
भैपरी आउने खर्च बढ्नाले अर्थ अभावको स्थिति रहनेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । दिगो काम प्रारम्भ गर्न समयले साथ दिनेछ । खर्च लागे पनि काम सम्पादन गर्न सकिनेछ ।

### मिथुन
आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । केही लाभांश अरूका लागि पनि खर्चनुपर्ने देखिन्छ । अनावश्यक कुराले मनमा चिन्ता बढ्नेछ ।

### कर्कट
प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न् रहनेछ । चिताएको काम बन्नेछ र लाभांश प्राप्त भइरहनेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्त्वाकांक्षी काम बन्न् सक्छ । समाजमा तारिफयोग्य काम गर्न सकिनेछ । घर-परिवारमा मेलमिलाप र आत्मीयता बढ्नेछ ।

### सिंह
मिहिनेत परे पनि विगतका कमजोरी सच्याउँदै नयाँ अवसर जुटाउन सफल भइनेछ । सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामा प्रवृत्त गराउनेछ । आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन् । काम थाल्न केही समय पर्खनुपरे पनि पूर्वाधार तयार गर्न सकिनेछ । शुभचिन्तकहरूले काममा साथ दिनेछन् ।

### कन्या
परिबन्धले केही बाध्यता निम्त्याउन सक्छ । अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला । छिद्र खोतल्नेहरूले दुस्ख दिनेछन्, विशेष योजना गोप्य राखेर अघि बढ्नुहोला । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुपर्ला । चुनौतीभित्र पनि सकारात्मक संकेत प्राप्त हुनेछ । मिहिनेतले अप्ठ्यारो परिस्थितिमा समेत लाभ दिलाउनेछ । अधुरा काम बन्ने र नयाँ काम पाउने सम्भावना छ ।

### तुला
मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । कामको चापबाट फुर्सद पाइनेछ । विभिन्न् सहयोग र उपहार हातलागी हुनेछ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । रमाइलो यात्रा गर्ने साइत जुर्नेछ । टाढिएका साथीभाइसँग भेटघाट हुनेछ । तर आतिथ्य भने अलि खर्चिलो बन्ने देखिन्छ । विलासी वस्तुका लागि पनि खर्च बढ्न सक्छ ।

### वृश्चिक
मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । मिहिनेतले प्रतिद्वन्द्वी परास्त हुनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ । खर्च बढ्ने तथा चिन्ता बढ्ने योग छ ।

### धनु
तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । विशेष अध्ययन तथा नयाँ ज्ञानको खोजीमा समय बित्नेछ । अभिव्यक्ति र लेखन कलामा निखारता आउनेछ । गुरुजनको साथसहयोग प्राप्त भइरहनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रो प्रतिफल हासिल गर्न सकिनेछ । नराम्रा विचार मनमा आउन सक्छन् ।

### मकर
हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ । आज अरूलाई दिने नभई भित्र्याउने समय छ । दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ । पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ । परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ । अरूको व्यवहारले शंका उब्जाए पनि प्रियजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ । सोचेको काम पुरा हुनेछ ।

### कुम्भ
परिस्थिति अनुकूल हुनेछ र लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ । सहयोगीहरूले काममा साथ दिनेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

### मीन
मिहिनेतले मानसम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ । सानो प्रयत्नले काम बन्नेछ । सहयोगीहरूले साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ ।

# समाचार संक्षेप

## ५ जना बंगलादेशी नागरिक पक्राउ

काठमाडौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रुपमा लुकाई छिपाई लैजान लागेको १ हजार ३ सय ११ ग्राम सुन जस्तो देखिने पहेंलो धातुको बिष्कुमट आकारको वस्तु, चेनरोल, औठी र चुरा सहित ५ जना बंगलादेशी नागरिकलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बंगलादेशी नगरिकहरू तौहिदुल तनविर, एमडि युनुस अलि, सोभान तालुकदार, जाहिदुल ईस्लाम र एमडि मिराजुल ईस्लाम रहेका छन् । पक्राउमध्ये तौहिदुलको साथबाट २ सय १६ ग्राम, युनुसको साथबाट २ सय ३३ ग्राम, सोभानको साथबाट १ सय ग्राम, जाहिलदुलको साथबाट ३ सय ३२ ग्राम र मिराजुलको साथबाट ४ सय ३० ग्राम सुन जस्तो धातु बरामद भएको हो ।

हिमालयन एयरलाइन्सको उडानद्वारा दुबईबाट काठमाडौं हुँदै बंगलादेश जान लागेका उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय ह्याण्ड व्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा उनीहरूको साथबाट उक्त परिमाणको धातु फेला परेको हो ।

## अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । कास्की, पोखरा महानगरपालिका-३२ मझुवाबाट करिब ३ किलोग्राम अवैध लागूऔषध गाँजा सहित धादिङ निलकण्ठ नगरपालिका-४ खानीगाउँ बस्ने १८ वर्षीय किशोरलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । काठमाडौंबाट पोखरातर्फ आउँदै गरेको बा।४ ख १६३८ नम्बरको हाईसलाई वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा हाइसमा सवार ती किशोरलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुन्हाबाट ५५ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो पदार्थ सहित २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा दाङ तुल्सीपुर नगरपालिका-१४ बस्ने ३३ वर्षीय गौरब बुढाथोकी र बाँके राप्ती सोनारी गाउँपालिका बस्ने ३२ वर्षीय सुबास बिक रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण व्यूरो नेपालगंजबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

दाङ, ईलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले अबैध लागूऔषध ब्राउनसुगर सहित १० जनालाई मंगलबार साँझ पक्राउ गरेको छ । पक्राउ पर्नेमध्ये तुलसीपुर उपमहानगरपालिका-१ भम्के बस्ने २२ वर्षीय बिनोद भण्डारी समेत ४ जना सोही उपमहानगरपालिका-५ आलुमण्डीमा ५ सय ४० मिलिग्राम, तुलसीपुर उपमहानगरपालिका-५ ट्याक्सी पार्क बस्ने २५ वर्षीय अमर गन्दर्भ समेत ४ जना २ सय १० मिलिग्राम र तुलसीपुर उपमहानगरपालिका-१८ बेलझुण्डी बस्ने २३ वर्षीय कैलाश सुनार समेत २ जना ९ सय ४० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित फेला परेका हुन् ।

## हत्या गरेको अभियोगमा पक्राउ

सुनसरी । इटहरी उपमहानगरपालिका-४ बस्ने ५१ वर्षीय श्रीमुरारी गिरीको हत्या गरेको अभियोगमा उनकै सालो भोजपुर हतुवागढी गाउँपालिका घर भएका १९ वर्षीय अर्जुन राईलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भिनाजुकै घरमा बस्दै आएका राईले छुरा प्रहार गर्दा गम्भीर घाइते भएका गिरीको बिराटनगर नोवेल हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले राईलाई पक्राउ गरेको हो ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं । इलाम, सिम्धुली, ललितपुर र मकवानपुरका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ ।

इलाम, सूर्योदय नगरपालिका-७ सुखेपोखरीस्थित सडकमा मे।१ ज ३३०७ नम्बरको मारुती भेन मंगलबार दिउँसो दुर्घटना हुँदा भ्यानमा सवार माईजोमाई गाउँपालिका बस्ने ७६ वर्षीय राम प्रसाद तिमल्सिना समेत २ जनाको मृत्यु भएको छ । कुटीडाँडाबाट ईलामतर्फ जाँदै गरेको उक्त भेन अनियन्त्रित भई सडकबाट अन्दाजी १ सय मिटर तल खसेर दुर्घटना हुँदा गम्भीर घाइते भएका उनीहरूको बिएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो । साथै अन्य ७ जना घाइतेको सोही अस्पतालमा उपचार भइरहेको छ । भेन चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुली, सुनकोशी गाउँपालिका-१ बलुवास्थित सडकमा बा.प्र.०२-०३० प ८६५६ नम्बरको मोटरसाइकल र ना.१ ज ६२६४ नम्बरको सुमो मंगलबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक रामेछाप मन्थली नगरपालिका-१३ फुलासी बस्ने ३५ वर्षीय रोशन बर्देवाको मृत्यु भएको छ । दुवै सवारी साधन एकआपसमा ठक्कर खाई भएको दुर्घटनामा गम्भीर घाइते भएका उनको धुलिखेल अस्पताल काभ्रेमा उपचारको क्रममा मृत्यु भएको हो ।

यसैगरी सिन्धुली, तिनपाटन गाउँपालिका-५ तल्लो पचरङगमा लुअअभ१७४८ नम्बरको ट्याक्टरको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-११ परासे बस्ने ३३ वर्षीया सरिता मगरातीको मंगलबार दिउँसो मृत्यु भएको छ । चकमकेबाट शाखामाडीतर्फ जाँदै गरेको उक्त ट्याक्टरको ठक्करबाट गम्भीर घाइते भएकी उनको प्राथमिक स्वास्थ्य केन्द्र लाङपाङटार हुँदै थप उपचारको लागि सिन्धुलीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

ललितपुर, ललितपुर महानगरपालिका-२६ सुनाकोठी चिवहालमा ना.७ त ५०२ नम्बरको ट्याक्टर र प्रदेश नम्बर ३-०२-००७ प ४३९४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बुधबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक गोदावरी नगरपालिका-११ चापागाउँ बस्ने १७ वर्षीय रोहन पुजारीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पाटन अस्पताल लगनखेलमा उपचारको क्रममा मृत्यु भएको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१९ दारिमटारमा बागमती प्रदेश ०३-००१ ख १८४९ नम्बरको टिपरले ना।४९ प ८२५२ नम्बरको मोटरसाइकललाई बुधबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक चितवन रत्नन्गर बस्ने ४० वर्षीय युवराज आचार्यको घाटनास्थलमै मृत्यु भएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । रौतहट, गौर नगरपालिका-१ स्थित पोखरीमा सोही नगरपालिका-२ बस्ने ३५ वर्षीय अख्ला खान मंगलबार मृत अवस्थामा फेला परेका छन् । मोरङ, रंगेली नगरपालिका-२ नहर टोल बस्ने चन्द्र उराउकी छोरी २ वर्षीया युनिसा उराउको आफ्नै घरदेखि ३० मिटर टाढा खाल्डोमा गाडेको अवस्थामा मंगलबार शव फेला परेको छ । घरमा कोही नभएको अवस्था आइतबार दिउँसोदेखि आफ्नै घरबाट हराई बेपत्ता भएकी उनको खोजी गर्ने क्रममा शव फेला परेको हो । जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी उपरीक्षक सहितको टोली खटिई गई घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

दाङ, घोराही उपमहानगरपालिका-१९ तिर्साङ बस्ने ३३ वर्षीया शान्ति कामी आफ्नै घरदेखि करिब २ सय मिटर टाढा बाटोको छेउमा मृत अवस्थामा फेला परेकी छन् । दोलखा, कालिञ्चोक गाउँपालिका-१ कुरी बस्ने ५० वर्षीय ओदिम पाखिन आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

## सवारी दुर्घटनामा परी २ जनाको मृत्यु

काठमाडौं । ताप्लेजुङ, मिक्वाखोला गाउँपालिका-४ लप्सीबोटेस्थित सडकमा मे.१ त ७५०३ नम्बरको ट्याक्टर उकालोमा अचानक ब्याक भई मंगलबार बिहान दुर्घटना हुँदा ट्याक्टर चालकको घटनास्थलमै मृत्यु भएको छ । बालुवा र डिजल बोकेको उक्त ट्याक्टर दुर्घटना हुँदा चालक बर्दिया राजपुर नगरपालिका-६ बस्ने ३६ वर्षीय राजु राजवंशीको मृत्यु भएको हो ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Windfall = अप्रत्याशित रुपबाट प्राप्त, चिठ्ठा जस्तो Finding a job without hardship was a windfall for him विना कोसिस भनेजस्तो काम पाउनु उस्को लागि चिठ्ठा बराबरी थियो ।

Avow= खुलस्त पार्नु, Sita avowed that she never intended to have immoral relation with someone's husband सीताले कहिले पनि आफूले अर्काको श्रीमानसँग अनैतिक सम्बन्ध राख्न इच्छा नगरेको खुलस्त पारिन ।

Blighted = प्रभावित वा ग्रस्त The rescue team could see the flood blighted area by the air उद्धार टोलीले बाढीग्रस्त क्षेत्रको हवाईजहाजबाट मात्र अवलोकन गर्न सक्यो ।

Cumbersome = झन्झटिलो He is always burdened down with cumbersome matters ऊ सधैं झन्झटिलो कुराहरूको बोझले थिचिएको छ ।

Divest= अधिकार वा मालसमान बिहिन बनाउनु The king divested the prime–minister of his power unconstitutionally राजाले असंवैधानिक किसिमबाट प्रधानमन्त्रीलाई अधिकारविहिन बनाए ।

Expurgate= केही अंश निकाल्नु The editor expurgated the agg\ressive portions from the book सम्पादकले कितावबाट उत्तेजक अंश हटाइदिए ।

Fraudulent = भ्रम पार्ने किसिमको Fraudulent advertisement should not be allowed in state run media राज्यबाट संचालित आम संचारका माध्यमहरूमा भ्रम पार्ने किसिमका विज्ञापनहरूलाई अनुमति दिनु हुँदैन ।

Glutton = खंचुवा Mother tends to call the baby a glutton when baby eats too much जब बच्चाले चाहिनेभन्दा बढी खान्छ तब आमाले उसलाई खंचुवा भनेर बोलाउँछिन् ।

Hazy = धुम्म परेको -स्पष्ट नदेखिने) In a hazy weather, landing a plane is always difficult -धुम्म परेको मौसममा विमानलाई अवतरण गराउन गाह्रो हुन्छ ।

Headlong = बलपूर्वक र हतपतमा He made a headlong entrance into my room ऊ बलपूर्वक हतपत गरी मेरो कोठामा पस्यो ।

# Pick बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Pick on somebody = केही कुराको लागि छनौट गर्नु She was picked onto complete this task यो काम सम्पन्न् गर्न तिनी छनौट भएकी थिइन् ।

Pick somebody out from = बाट छानिनु I was picked out from thousand of applications for the job हजारौं निवेदनमध्येबाट म कामको लागि छानिएको थिएँ ।

Pick something out = केही वस्तु छान्नु I picked out only the ripest tomatoes मैले पाकेको गोलभेडा मात्रै छाने ।

Pick something over = केलाउनु Before cooking pick over the lentil carefully पकाउनु अघि दाल राम्रोसँग केलाउनु ।

Pick up = चम्कनु The market picks up during festivals चाडवाडको बेला बजार चम्कन्छ ।

Pick oneself up = जुरुक्कै उठ्नु He picked himself up even without any wounds उ लडेर विना कुनै चोट जुरुक्क उठ्यो ।

Pick some body up = लिन आउनु She picks me up everyday by her car to office कार्यालय जानको लागि तिनले मलाई उनको कारमा लिन आउँछिन् ।

Pick somebody up = बोक्नु He picked up his child and put him on his shoulder उसले आफ्नो बच्चालाई बोकेर काँधमा राख्यो ।

## सुडोकु–अंक २४१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ | ३ | | १ | | | | |
| ७ | | | | | | | ९ | ५ |
| ९ | | | | ८ | ६ | १ | | |
| २ | ४ | | ९ | ७ | | | ५ | |
| | | | | | ३ | | | |
| | ३ | | | ६ | ५ | | १ | ९ |
| | | ४ | ८ | ९ | | | | ६ |
| १ | ६ | | | | | | | ८ |
| | | | | ३ | | ९ | २ | |

## अंक २४० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | ८ | १ | २ | ७ | ५ | ४ | ६ |
| ५ | १ | ६ | ४ | ९ | ३ | २ | ७ | ८ |
| ४ | ७ | २ | ६ | ८ | ५ | ९ | ३ | १ |
| २ | ५ | ७ | ८ | १ | ६ | ४ | ९ | ३ |
| १ | ६ | ४ | ३ | ७ | ९ | ८ | २ | ५ |
| ९ | ८ | ३ | २ | ५ | ४ | १ | ६ | ७ |
| ६ | २ | ५ | ७ | ४ | ८ | ३ | १ | ९ |
| ८ | ३ | १ | ९ | ६ | २ | ७ | ५ | ४ |
| ७ | ४ | ९ | ५ | ३ | १ | ६ | ८ | २ |

# महान नेता कमरेड किम जोङ इलको दशौं स्मृति दिवस

काठमाडौं । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका महान नेता कमरेड किम जोङ इलको दशौ स्मृति दिवस नेकपा (माले को पार्टी कार्यालयस्थित सभाहलमा एक समारोहको आयोजना गरी मनाइयो । ६ डिसेम्बरका दिन नेपालमा रहेका उत्तर कोरियाका मित्रहरू तथा जुछे विचार धाराका अनुयायीहरूको सहभागितामा भएको स्मृति सभाको अध्यक्षता माले महासचिव सीपी मैनालीले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा प्रजग कोरियाका महामहिम राजदूत जो योङ मानको उपस्थिति रहेको थियो । नेकपा मालेका न ता कुमार बेल्वासे, नेपाल पत्रकार संघका सभापति डा. मञ्जुरत्नशाक्य लगायत ने पाल कोरिया मैत्री संघका सदस्य हरूले कार्यक्रमलाई सम्बाधेन गर्दै महान नेता किम जोङ इलको आफ्नो खुट्टामा आफैं उभिएर आत्मनिर्भरताको पहिचान दिन सक्ने जुछे विचार धाराको माध्यमबाट प्रजग कोरियाले गरेको प्रगति र अमेरिकी साम्राज्यवादका विरूद्धमा संघर्ष गरेर कोरियालाई विश्वमा सक्षम, दरिलो, आत्मनिर्भर र स्वाभिमानी राष्ट्रका रूपमा उभ्याएर विशिष्ट र उदाहरणीय कार्य गरेको बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता गरिरहनुभएका माले महासचिव सीपी मैनालीले महान नेता किमजोङ इलको योगदानको चर्चा गर्दै उहाँले सिकाएको आत्मनिर्भर ताको बाटो सबैले अनुशरण गर्न आवश्यक रहेको बताउनुभयो । अमेरिकी साम्राज्यवादको विश्वव्यापी हस्तक्षेप रोक्न महान नेता किमले देखाएको बाटो वर्तमानमा उत्तिकै सान्दर्भिक रहेको उहाँले बताउनुभयो । उत्तर कोरियालाई आणविक शक्ति सम्पन्न राष्ट्र बनाएर नेता किमले अमेरिकी साम्राज्यवादको हस्तक्षेप बाट कोरियालाई जोगाउनुभएको थियो । कार्यक्रममा नेकपा माले तथा कोरियाका नेपाली मित्रहरूले कोरियाका सर्वोच्च नेताकिम जोङ उनलाई पठाएको पत्र प्रजग कोरियाका राजदूतलाई हस्तान्तरण गर्नुभयो ।

अंग्रेजी भाषामा लेखिएको पत्र माले नेता क. सुरेन्द्र ढकालले वाचन गर्नुभएको थियो । नेपाल कोरिया मैत्री संघका फणीन्द्र पन्तले संचालन गर्नुभएको कार्यक्रममा महामहिम राजदूत जो योङ मानले आयोजकलाई धन्यवाद दिँदै प्रजग कोरियाले हासिल गरेका उपलब्धिको चर्चा गर्नुभएको थियो । उहाले अग्रेजीमा वाचन गर्नु भएको वक्तब्य यसप्रकार छ ।










Respected Chairman of Nepal National Memorial Committee for the 10th year of the demise of the great leader Kim Jong Il,

**Dear members of the Committee,**

**Distinguish guests,**

**Dear comrades,**

First of all I would like to express my deep thanks to you all for gathering here to commemorate the great leader Comrade Kim Jong Il who devoted himself for the peace and independence of the world as well as accomplishment of the Juche cause pioneered by the great leader President Kim Il Sung.

The great leader Comrade Kim Jong Il worked in the Central Committee of the WPK from the early 1960s for a long time as the most intimate comrade of and faithful aide to President Kim Il Sung, spearheading Korea`s history-past, present and future.

In the complex circumstances, both internal and external, following the demise of President Kim Il Sung in 1994 and in the face of the attempts of the imperialist forces to isolate and stifle the DPRK, he had developed and enriched the Juche idea as the guiding ideology in the era of independence, and safeguarded Juche-oriented socialism and confidently promoted Korea`s reunification based on the ideal of great national unity.

Through his army-centredSongun revolutionary leadership he induced the whole country to strengthen its self-reliant national defence capabilities and led the entire nation to surmount the difficulties and trials that challenged it, and opened up a broad avenue for attaining the grant target of building a powerful socialist country .

For the Korean people the 1990s were a historic period, as this decade was fraught with remarkable events affecting their political, ideological and spiritual lives.

Socialism in the former Soviet Union and other Eastern European countries came to suffer a setback due to the moves of revisionists ganging up with the imperialists and reactionaries who were pursuing their anti-socialist strategy aimed at turning back the progressive movement of history. Especially the US imperialists, who emerged as the one and only superpower following the destruction of the bipolar East-West structure as a result of the collapse of the Soviet Union, were making every effort to isolate and stifle the DPRK, the citadel of socialism, resorting to ever more risky move for an aggressive war.

Scientifically analyzing the ever aggravating situation caused by the anti-DPRK, anti-socialist isolate-and-stifle maneuvers of the US-led imperialist allied forces and their stooges, Kim Jong Il vigorously worked to smash all sorts of enemy challenges and defended and brightened the Korean-style people-centred socialism by dint of the invincible cohesion of the entire Party and the whole society and single-hearted unity of the leader, the Party and the masses.

Kim Jong Il regarded the work of building up the political and ideological bulwark of Korean-style socialism as the key to accomplishing the socialist cause of Juche and gave wise leadership to this work.

Strengthening the ideological fortress was all the more necessary especially because the imperialists were persisting in their ideological and cultural infiltration in an attempt to undermine the socialist system in Korea. For this reason Kim Jong Il had devoted his great efforts to theoretical work for the development of socialist ideology to meet the requirements of the changing situation.

In his treaties titled “Socialism is a Science” he elucidated the Juche-oriented ideology and theory of socialism and clearly showed the way to switch over from the socialist movement based on the materialistic concept of history to the socialist movement based on the Juche-oriented viewpoint on man.

The treatise pointed out that although socialism had collapsed in several countries, socialism as a science was still alive in the minds of the people and that although it was experiencing temporary yet heartrending turns and twists because of opportunism, socialism would revive and win ultimate victory beyond all doubt because of its scientific character and integrity.

The scientific character and integrity of socialism have been clearly proved by the great victory of socialism in our country led by the Workers` Party of Korea under the outstanding leadership of Comrade Kim Jong Un, General Secretary of WPK

The construction of our own-style socialism that has victoriously advanced with the great Kimilsungism-Kimjongilism as the guidelines has entered the phase of epochal development of comprehensively embodying our state-first principle with the 8th Congress of the WPK as an occasion.

Despite unfavorable environment and difficulties, the might of single-minded unity between the Party and the popular masses, the driving force of socialist construction, has been further augmented thanks to the consistent, in-depth and dynamic struggle of our Party and the state to increase the driving force and internal power.

The WPK with the strong root of the anti-Japanese revolutionary struggle has brought about the historic revolutions and grandiose changes while advancing policies toward socialism, ensuring the birth of the people's power and firmly maintaining the independent line and strategic and tactical policies from the very day of its foundation

The WPK has defended the dignity, honor and heroic nature of our state and proved the viability of true socialism with its seasoned leadership, breaking through the unprecedented fateful difficulties facing the country.

The greatest exploit our Party performed in the whole course of its revolutionary leadership is that it has brought up the people of a distress-torn nation, small and weak, to be a great and excellent people single-heartedly rallied around the Party and the leader with strong self-esteem and creativity.

It has always given precedence to educating, training and rallying the popular masses, the motive force for the revolution and preserved the true nature of socialism and advanced the Korean revolution in the vortex of troublous history.

In the course of thoroughly embodying the people-first principle of our Party as the basic political mode under socialism, popular nature has been evidently displayed in the state affairs and the work method and style of officials have been remarkably improved and this has resulted in deepening confidence of people in the Party and the state and in enhancing their patriotic enthusiasm and activeness

Especially, the admirable tradition of the army-people unity has been steadily carried forward and it has been consolidated to be invincible as the People's Army defends the people by unsparingly shedding sweats of patriotism and remains faithful to its revolutionary obligation of rendering disinterested help to the people under the leadership of the Party.

In the field of economic construction big operations have been powerfully promoted to drastically prop up metal industry and chemical industry, key pillars of the self-supporting economy, large-scale major construction projects have been dynamically pushed forward and efforts have been deepened to bring about innovative improvement in various fields like agriculture, land construction, city management, science, education and public health. As a result, achievements that constitute a step forward in supporting the prosperity and development of the country have been made.

In the national defence field a spur has been given to ensuring the stable control of the instable military situation in the area of the Korean peninsula and to developing a powerful new weapon system capable of thoroughly containing the military moves of the hostile forces. One can be confident of the might of our Party and the state powerfully opening up the way for the victory of socialism from our ultra-modern weapons which are being developed at an extremely fast speed and from the militant features of the People's Army, paramilitary and security forces which are growing day by day.

The independent foreign policy of our Republic representing justice and truth and implicating thorough-going practical ability has crucial impacts on the international political arena, and our state is enjoying ever-growing external prestige.

In all, we can be proud of our style socialism making dynamic advance along the orbit of its development with new greater vitality in reliance on the driving force that is being steadily consolidated.

All these achievements are attributed to the greatness of Comrade Kim Jong Il who developed the Juche Idea created by the great leader Presideent Kim Il Sung to the guiding idea for building socialism and to the outstanding leadership of Comrade Kim Jong un who is successfully inheriting the great cause of Kimilsungism-Kimjongillism. Availing myself of this opportunity I would like to pay our heartfelt respects and sincere homage to the great leader Kim Jong Il who devoted his life to the cause of revolution and to the cause of socialism in the world.

## एमसीसी...

के लिएर आउँछ नेपाल सरकारले खोलेर हेर्न नपाउने अर्को प्रावधान छ सम्झौतामा। तिब्बतलाई टुक्र्याउन विगतमा अमेरिकाले जहाजमा हतियार ल्याएर खम्पा विद्रोह गराएको स्मरणीय छ। परियोजनामा कम गर्न आउने जुनसुकै देशका नागरिक अमेरिकाले ल्याए पनि नेपालले भिसा दिनैपर्छ। यस्ता देशघाती सर्तहरू रहेको एमसीसी सम्झौता रद्द गरिनुपर्छ। ५० करोड डलरमा हाम्रो असंलग्न परराष्ट्र नीति बेच्न हुँदैन। एमसीसीले राष्ट्र नै सिद्धिने खतरा भएकाले सबै देशभक्त नागरिकहरूले यसको विरोध गरिरहेका छन्। तर गठबन्धनका नेताहरू जबर्जस्ती एमसीसीलाई संसदबाट पारित गराउने जमर्को गरिरहेका छन्। तर
हामी यस्तो हुन दिनेवाला छेनौं। शान्तिनगरतर्फको घेराउमा प्रकाण्डले बोल्दै एमसीसी राष्ट्रद्रोही सम्झौता भएकाले त्यसलाई कुनै पनि हालतमा संसदबाट पारित हुन नदिन बताए। मध्य बानेश्वरतर्फबाट माले स्थायी समिति सदस्य सुरेन्द्र ढकालले सम्बोधन गर्ने भनिए पनि प्रहरी दमनका कारण उनले बोल्ने समय पाएनन्। १ बजेदेखि सुरु भएको घेराउ कार्यमा ३ बजेसम्म चलेको थियो।

नियन्त्रणमा लिइएका आन्दोलनकारीहरूलाई प्रहरीले साँझ साढे ६ बजे रिहाइ गरेको थियो। आन्दोलनरत मालेसहितका राजनीतिक दलले संयुक्त विज्ञप्ति जारी गर्दै सरकारले दमन गरेको भन्दै भर्त्सना गरेका छन्। आठ राजनीतिक दलको संयुक्त विज्ञप्तिमा एमसीसी सम्झौता फिर्ता नहुन्जेल आन्दोलन जारी रहने उल्लेख छ। संयुक्त विज्ञप्तिमा उल्लेख छ- राष्ट्रघाती परियोजनालाई अमेरिकी जो वाइडेन सरकारले तत्काल फिर्ता नलिए र देउवा सरकारले खारेज नगरे आगामी दिनमा कडा आन्दोलनको घोषणा गर्ने चेतावनी पनि दिन चाहन्छौं।' आठदलीय मोर्चाका तर्फबाट नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपाका महासचिव विप्लव, नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, नेकपा (क्रान्तिकारी) का महासचिव किरण, नेकपाका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पाटीका संयोजक आहुती, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संयुक्त विज्ञप्ति जारी गरेका छन्।

चार वर्षअघि सम्झौता भए पनि संसदबाट अनुमोदन गर्नुपर्ने एमसीसीको प्रावधानका कारण कार्यान्वयनमा जान सकेको छैन। अमेरिकाको न्युयोर्कमा नेपाललाई समेत एजेन्डा बनाएर १४ डिसेम्बरमा बसेको एमसीसीको बोर्ड अफ डाइरेक्टरको बैठकले संसदबाट एमसीसीलाई छिटोभन्दा छिटो पारित गर्न आग्रह गरेको छ।

एमसीसीले परियोजना लागू गर्नका लागि नेपालले संसदबाट अनुमोदन गराउनुपर्ने सर्त राखेको छ। नेपालको संविधानमा पूर्वाधार विकासका लागि एमसीसीसँग भएका जस्ता सम्झौता संसदबाट अनुमोदन गर्नुपर्ने भनिएको छैन। वाशिङगटनमा सन् २०१८ मा हस्ताक्षरित औपचरिक सम्झौता पत्रमा पनि संसदबाट अनुमोदन गर्ने लेखिएको छैन। तर सम्झौताका दौरानमा नेपाल तर्फबाट हस्ताक्षरकर्ता तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की लगायतले संसदबाट अनुमोदन गराउने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसकै आधारमा ०७५ माघ २५ मा मन्त्रिपरिषद्ले अनुमोदन गर्ने निर्णय गरेको थियो। यो सम्झौता अनुमोदनका लागि २०७६ असार ३० गते प्रतिनिधिसभामा दर्ता भइसकेको छ।

नेपालको संविधानको धारा २७९ अनुसार शान्ति र मैत्री सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड लगायत विषयमा भएका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम सदस्य संख्याको दुईतिहाई बहुमतले गर्नुपर्छ। शान्ति र मैत्री तथा प्राकृतिक स्रोत तथा त्यसको उपयोग बाँडफाँडबारे राष्ट्रलाई व्यापक गम्भीर र दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित साधारण सदस्यहरूको बहुमतबाट हुन सक्छ। संविधानले नै आवश्यक नभनेको संसदबाट अनुमोदन गर्ने प्रावधान कहाँबाट राखियो ? संसदमा लगेर अनुमोदन गरिदिन्छौं भन्नेले संविधान पढ्नु पर्थ्यो कि पर्दैनथ्यो ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

स्वतन्त्र सञ्चालक निकाय बनाउनुपर्ने, संसदबाट अनुमोदन गर्नुपर्ने, भारतसँग समझदारी बनाउनुपर्ने र जग्गा अधिग्रहण वातावरणीय मूल्यांकन समयमै हुनुपर्ने जस्ता सर्तमा नेपाल पक्षले वार्ताकै क्रममा छलफल गर्नुपर्थ्यो। संविधानभन्दा माथि रहने यो सम्झौतालाई त्यसबेलै नेपालको हित अनुकूल बनाउन सक्नुपर्थ्यो। एमसीसी अनुदान अमेरिकी संसदबाट पारित भएर दिने गरिन्छ। त्यसैले अनुदान लिने मुलुकहरूले आआफ्नो संसदबाटै अनुमोदन गराउनुपर्छ। अमेरिकी अधिकारीहरूले पहिलेकै प्रतिबद्धता र निर्णयअनुसार नेपालको संसदले पा एमसीसी सम्झौत अनुमोदन गराउनुपर्ने धारणा राख्दै आएका छन्। एमसीसीको पक्षमा लबिङ गर्न अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु मंसिर १-३ सम्म नेपाल भ्रमणमा आएर उच्च राजनीतिक नेतृत्वसँग भेट गरेका थिए। त्यसअगाडि भदौ २४-२८ मा काठमाडौं आएकी एमसीसी उपाध्यक्ष फातिमा सुमारले पनि उच्च राजनीतिक नेतृत्वसँगै भेट गरेकी थिइन्। भ्रमणमा दुवैले सम्झौता कार्यान्वयनबारे चाँडो निर्णय लिन सरकारलाई दबाब दिएका थिए। नेपाललाई आवश्यक नभए अर्को मुलुकमा लैजाने उनीहरूको चेतावनी थियो। प्रधानमन्त्री देउवा एमसीसीलाई संसदमा अघि बढाउने तयारीमा छन्। पुस ६ गते बस्ने संसद बैठकमा एमसीसीलाई प्रवेश गराइँदैछ।

## चक्रपथ...

साइट क्लिअरिङको काम ९५ प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको जनाउँदै कहीं समस्या भएमा चिनियाँ पक्षलाई फिल्डमा नै प्रस्ट पारिने जनाएको छ।

चिनियाँ पक्षले साइट क्लिअरिङको सम्पूर्ण काम सम्पन्न भएपछि मात्रै काम थाल्ने जनाउँदै आएको छ। नेपाल पक्षले चिनियाँ पक्षको मागअनुसार नै रुख काट्ने, बिजुलीको पोल हटाउने काम गरे पनि महाराजगन्जको २ सय ४४ मिटर खण्डमा समस्या रहेको छ। स्वयम्भुको स्तुपा भएको ४०/५० मिटर ठाउँमा पनि सामान्य समस्या रहेको छ। आयोजनाले उक्त ठाउँमा समस्या नहुने जनाएको छ।

चक्रपथ विस्तारअन्तर्गत दोस्रो सडकखण्डमा नेपालले पहिला साइट क्लियर अर्थात् रूख, पोल र ढल हटाउनुपर्ने सम्झौतामा उल्लेख छ। त्यसपछि चिनियाँ टोलीले सडक विस्तार गर्ने सम्झौता छ। जसअनुसार चक्रपथको चौडाइ बीचबाट दुवैतर्फ २५-२५ मिटर हुनुपर्नेछ। थप ६-६ मिटरमा नेपालले सर्भिस ट्र्याक बनाउनुपर्ने हुन्छ।

यसअघि कोटेश्वरदेखि कलंलीसम्म पनि चिनियाँ सरकारले नै चक्रपथ विस्तारको काम गरेको थियो। साइट क्लिअर नै नगरी उक्त सडक खण्ड विस्तार गर्दा मुआब्जालगायतका कारण निर्धारित मितिभन्दा काम ढिला सम्पन्न हुन पुगेको थियो। ढिला सडक विस्तार हुँदा चिनियाँ पक्षको आलोचना समेत भएपछि चिनियाँ पक्षले दोस्रो खण्डमा साइट क्लिअरिङको जिम्मा नेपालले गर्नेगरी सम्झौता गरेको थियो।

सडक विभागले भने साइट क्लिअरिङको लगभग सबै काम सम्पन्न भइसकेको जनाउँदै चिनियाँ पक्षलाई काम थाल्न अनुरोध गर्दै आएको छ। सडक विभागका अनुसार आइतबारबाट संयुक्त रूपमा साइट भिजिट गरिने भएको छ।

त्यसो त हालसम्म चक्रपथ विस्तारअन्तर्गत उक्त खण्ड कोडिजाइनको काम समेत हुन सकेको छैन। चिनियाँ प्राविधिक टोलीले साइट क्लिअरिङ ठीक भएको रिपोर्ट पठाएपछि चिनियाँ डिजाइन र कन्स्ट्रक्सन टोली नेपाल आउने जनाइएको छ।

चीन सरकारको अनुदान सहायतामा अहिले कलंकीदेखि महाराजगन्जसम्म ८।२ किमी सडक विस्तार गर्न लागिएको हो। यसअघि पनि चीनकै अनुदान सहायतामा चक्रपथ पहिलो खण्ड १०।३९ किमीको (कोटेश्वर-कलंकी सडक) आठ लेनमा विस्तार भइसकेको छ।

## जर्मनीले...

गराएको खोपले सरकारको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताए। कोभिड-१९ को सुरुआती अवस्थादेखि नै रोकथाम र नियन्त्रणमा जर्मनी सरकारले निरन्तर सहयोग उपलब्ध गराउँदै आएको भन्दै उनले आज उपलब्ध गराएको खोपले नेपाल र जर्मन सरकार बीचको द्विपक्षीय सम्बन्धमा आज अर्को इँट्टा थपेको बताए।

कोभिड-१९ को परीक्षणसम्बन्धी सूचना व्यवस्थापन, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनमा उपलब्ध गराइएको सहायतासमेत सराहनीय छ, मन्त्री खतिवडाले भने- जर्मनी सरकारका तर्फबाट प्राप्त अन्य स्वास्थ्य उपकरण र सामग्री उपयोगी छु। नेपालमा स्वास्थ्य बीमाको सुरुआत र संस्थागत गर्न, अस्पताल तथा स्वास्थ्य संस्था निर्माण गर्न, स्वास्थ्य सूचना प्रणाली संस्थागत गर्न तथा समग्र स्वास्थ्य प्रणाली सदृढीकरणका लागि जर्मन सरकारले पुऱ्याएको सहयोग स्वागतयोग्य रहेको उनले बताए।

भूकम्प पश्चातको पुनःनिर्माणअन्तर्गत जर्मनी सरकारको सहयोगमा गोरखा, जिरी र रामेछापमा अस्पताल निर्माण सम्पन्न भई हस्तान्तरण गरिसकेको मन्त्री खतिवडाले जानकारी दिए। यस्तै जर्मनी सरकारले रिकभरी-२ कार्यक्रमअन्तर्गत दोलखाको भीमेश्वर स्वास्थ्य चौकी, भक्तपुरको झौखेल स्वास्थ्य चौकी, साँखु प्राथमिक अस्पताल र बझाङ्गो मेलबिसौनी स्वास्थ्य चौकी निर्माणका लागि प्रारम्भिक चरणको काम भइरहेको छ।

यस्तै डडेल्धुरा अस्पतालको मातृ तथा बाल स्वास्थ्य भवन र स्टाफ भवन निर्माणको काम भइरहेको, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालअन्तर्गत तारकेश्वर र चन्द्रागिरि नगरपालिकामा सेटलाइट अस्पताल बनाउने काम अघि बढेको छ। जर्मनी सरकारले कोभिड-१९ को सुरुवातदेखि सरकारलाई १० मिलियन यूरो बराबरको अनुदान रकम उपलब्ध गराएको थियो। सो अवसरमा नेपालका लागि जर्मनीका कार्यवहाक राजदूत डा रसेकले जर्मन सरकारले नेपाललाई स्वास्थ्य र शिक्षामा सहयोग गर्दै आएको भन्दै खोपले नेपाली जनतालाई कोभिड-१९ को महामारीबाट जोगाउने बताए।

मन्त्रालयका प्रवक्ता डा.सङ्गीता कौशल मिश्रले मोडर्ना खोप यही पुस ४ गतेदेखि १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लगाइने बताए। उनका अनुसार सरकारले ५७ जिल्लामा विद्यालयमा गई उक्त उमेर समूहका बालबालिकालाई खोप प्रदान गर्ने छ। यस्तै जोन्सन एण्ड जोन्सन भने विदेश जाने र लक्षित अन्य व्यक्तिलाई लगाइने छ। रासस

## बढ्दो...

क्रमशः १ सय ४० दशमलव २ प्रतिशत, ७ दशमलव ३ प्रतिशत र २३ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पाम तेल, सोयाविन तेल, पिना, धागो, जुटका सामान लगायतका वस्तुको निर्यात बढेको छ भने चिया, अलैंची, तार, जस्तापाता, तामाको तार लगायतका वस्तुको निर्यात घटेको पनि प्रतिवेदनमा उल्लेख छ।

मुलुकमा आउनेभन्दा बाहिरिने रकम उच्च भएसंगै शोधनान्तर घाटा चुलिदै गएको छ। यो अवधिमा शोधनान्तर स्थिति १ सय ५० अर्ब ३८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १ सय १० अर्ब ६५ करोड रुपैयाँले बचतमा रहेको थियो। विदेशी विनिमय सञ्चितिसँगै उच्च आयातको प्रभाव शोधनान्तर स्थितिमा बढ्दै गएको छ। असोज मसान्तमा सोधनान्तर घाटा ७६ अर्ब १४ करोड रहेकोमा कात्तिकमा १ खर्ब ५० अर्ब ३८ करोड पुगेको छ। लगातार रूपमा आयात बढ्दा आयातकै लागि उच्च मात्रामा विदेशी मुद्रा बाहिरिने तर मुलुकमा भित्रिने विदेशी मुद्रा भने न्युन रहेको छ।

विदेशी विनिमय सञ्चितिसँगै उच्च आयातको प्रभाव शोधनान्तर स्थितिमा बढ्दै गएको कारण शोधनान्तर घाटा चुलिदै गएको छ। यो अवधिमा शोधनान्तर स्थिति १ सय ५० अर्ब ३८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १ सय १० अर्ब ६५ करोड रुपैयाले बचतमा रहेको थियो।

चालु आर्थिक वर्ष लागेदेखि नै रेमिटेन्स घट्न थालेको पनि तथ्यांकले देखाएको छ। गत आर्थिक वर्षको असारमा ९० अर्ब ११ करोड रुपैयाँ भित्रिएको रेमिटेन्स नयाँ आर्थिक वर्ष लागेपछि निरन्तर घटिरहेको छ। साउनमा ७५ अर्ब ९६ करोड भित्रिएको रेमिटेन्स भदौमा ७९ अर्ब ४१ करोड रुपैयाँ पुगेको थियो। असोजमा दसैं परेका कारण केही सुधार भएर ८३ अर्ब ९५ करोड रुपैयाँ भित्रिए पनि कात्तिकमा पुनः घटेर ७३ अर्ब १० करोड रुपैयाँमा सीमित भएको छ। चालु वर्षको चार महिनामा कुल ३ खर्ब १२ अर्ब ४२ करोड रेमिटेन्स भित्रिएको छ। अघिल्लो बर्षको चार महिने अवधिमा ३ खर्ब ६२ अर्ब २९ करोड रुपैयाँ भित्रिएको थियो। यो भनेको ७ दशमलव ५ प्रतिशत कम हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११ दशमलबव २ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७ दशमलब ८ प्रतिशतले कमी आई २ अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ६ दशमलव ४ प्रतिशतले बढेको थियो।

यो अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण लिने अन्तिम श्रम स्वीकृतिको संख्या उल्लेख्य रुपमा वृद्धि भईै ९६ हजार ३ सय ८२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९५ दशमलब ७ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा २ सय ४९ दशमलव १ प्रतिशतले वृद्धि भइ ५९ हजार ७ सय २३ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७८ दशमलब ९ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर ७ दशमलव ४ प्रतिशतले कमी आइ ३ सय ४५ अर्ब ६५ रुपैयाँ करोड पुगेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

## दैनिक...

'कोलिफर्म' भेटिएको विभागले जनाएको छ। छाती तथा मुटु रोग विशेषज्ञ डा. दीर्घसिंह बम स्वस्थ शरीरका लागि दूध तथा दही र दुग्धजन्य वस्तु स्वस्थकर हुनुपर्ने बताउँछन्। उनी कोलिफर्मले मानिसको स्वास्थ्यमा धेरै नराम्रो असर पार्ने बताउँछन्। कोलिफर्मयुक्त दूध तथा दहीको नियमित सेवनले मानिसको स्वास्थ्यलाई दीर्घरोगी बनाउने उनको भनाइ छ।

'कोलिफर्मले मुख्य गरेर मान्छेको पाचन प्रणालीमा असर पार्छ,' डा। बलमे भने, 'झाडापखाला, वाकवाक लाग्ने, पेट दुख्ने, राम्रोसँग दिसा नहुने, कस्टिपेसन हुनेलगायतका पेट सम्बन्धित रोग बढी लाग्छ।'

उनका अनुसार सामान्य मेहनतमा पनि दुग्धजन्य पदार्थलाई स्वस्थ बनाउन सकिन्छ। 'दुग्धजन्य पदार्थ बिक्री गर्नेहरूले सफा सुग्घरमा मात्रै ध्यान दिने हो भने कोलिफर्म हुनबाट बच्न सकिन्छ।'

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार, बजारबाट ल्याइएको नमुना परीक्षण गर्दा दही र दूधमा कोलिफर्म भेटिने गरेको छ।

विभागले आर्थिक वर्ष २०७८(७९ को प्रथम त्रैमासिक अवधिमा खाद्य ऐन तथा नियमअनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसुरमा २७ माथि मुद्दा दायर गरेको छ। दायर गरिएका मुद्दामध्ये दूध तथा दुग्ध पदार्थका नौवटा छन्। यसैगरी, मसला पदार्थका पाँचवटा, खाद्यान्न एवं दलहन तथा सोबाट बनेको पदार्थ पाँचवटा, प्रशोधित पिउने पानीका तीनवटा, चियाका दुईवटा छन्। सोयाससको एकवटा, तेलको एकवटा र दानाको एकवटा गरी जम्मा २७ वटा खाद्य पदार्थका रहेका छन्।

२७ वटा मुद्दामध्ये ११ वटा मुद्दा दूषितका नौवटा मुद्दा न्यून गुणस्तरका ६ वटा मुद्दा लेबललगायतका विवरण नमिलेका, तथा एकवटा मुद्दा खाद्य ऐननियम निर्देशिका उल्लंघनसम्बन्धी छन्। खाद्य ऐन, २०२३ बमोजिम दूषित तथा न्यून गुणस्तरका मुद्दा जिल्ला अदालतमा र अन्य मुद्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दायर भएको प्रवक्ता महर्जनले जानकारी दिए।

विभागका अनुसार प्रथम त्रैमासिक अवधिमा खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ८ सय ५२ नमुना संकलन भएको थियो। संकलित नमुनामध्ये खाद्यान्न/दलहनजन्यका १ सय ३१ वटा, तेल तथा घ्युजन्यका ९४ वटा, फल तथा सागपात जन्य पदार्थका ७४ वटा, दाना पदार्थका ४५ वटा, मसलाका ४० वटा थिए।

यसैगरी, चिया कफीका २८ वटा, दूध तथा दुग्ध पदार्थका २१ वटा, प्रशोधित पिउने पानीका ४० वटा, कन्फेक्सनरीका १६ वटा नमुनाहरूको विश्लेषण परीक्षण भएकोमा ३६ वटा ९६।६८५० नमुनाको परीक्षण प्रतिवेदन प्रतिकूल पाइएको थियो।

तीमध्ये खाद्यान्नका आठ नमुना, प्रशोधित पिउने पानीका सात नमुना, दूध तथा दुग्ध पदार्थका चार नमुना, दाना पदार्थका चारलगायतका अन्य खाद्यपदार्थका नमुना प्रतिकूल रहेका प्रवक्ता महर्जनले जानकारी दिए।

## अर्थतन्त्र...

शेयर बजारलाई तथानाम गाली गर्दै हिंडेका कारण शेयर बजारबाट आउने ठूलो राजस्व सरकारले गुमाएको छ।

वैदेशिक व्यापारको अवस्थातर्फ नियाल्दा अत्यन्तै कमजोर देखिन्छ। ६ खर्बको सामान आयात हुँदा जम्मा ८२ अर्बको सामान मात्र निर्यात भएकाले व्यापारघाटा चुलिएर गएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको मुलुकको ४ महिनाको वैदेशिक व्यापारको विवरणमा माथिको तथ्यांक उल्लेख गरिएको छ। चार महिनाको अवधिमा तीन खर्ब १२ अर्ब रेमिट्यान्स भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११ दशमलव २ प्रतिशतले बढेको थियो भने यस वर्ष ७ दशमलव पाँच प्रतिशतले कमी आएको छ।

विदेशी मुद्रा संचितिमा पनि ११ प्रतिशतले गिरावट आएको छ। नेपाल राष्ट्र बैंकका अनुसार २०७८ असार मसान्तमा १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेको विदेशी मुद्राको सञ्चिती ११ प्रतिशतले घटेर ०७८ कात्तिक मसान्तमा १२ खर्ब ४४ अर्ब ८५ करोडमा खुम्चिन पुगेको छ। अर्थतन्त्रका समग्र सूचक ओरालो लागेको महँगी अनियन्त्रित रुपमा बढेर सामान्य जनताको जीवन कष्टकर बनेको अवस्थामा सरकारले ठोस योजना अघि बढाउन सकेको छैन।

## सभापतिमा...

सिंहले देउवासँग कुनै पदीय लेनदेन नभएको दाबी गरे। विमलेन्द्र निधिले सभापति देउवालाई समर्थन गर्ने घोषणा गरे। 'सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले टेलिफोन गरेर र मेरो निवासमा आएर आफूलाई समर्थन गर्नको लागि गर्नुभएको आग्रहलाई स्वीकार गर्दै सभापति पदका लागि हुने दोस्रो चरणको मतदानमा उहाँलाई समर्थन गर्ने निर्णय गरेको छु,' निधिले विज्ञप्ति जारी गर्दै भनेका थिए। देउवालाई समर्थनको घोषणापूर्व निधिले सिंहसँग पनि कुराकानी गरेका थिए। निधिको समर्थन पाएको भए देउवा पहिलो चरणमै सभापति बन्ने मतपरिणामले देखाएको थियो।

पहिलो चरणको निर्वाचनमा तटस्थ बसेका वरिष्ठ नेता रामचन्द्र पौडेललाई पनि देउवाले बिच्कन दिएनन्। बरु, महाधिवेशन प्रतिनिधिको सम्मानमा पौडेलले बिहान राखेको चियापान कार्यक्रममा पुगेर उनको प्रशंसा गरे। पार्टीभित्रको निर्वाचनमा हारजित हुन्छ, प्रजातन्त्र र पार्टीलाई बलियो बनाउन सबै लाग्नुपर्छ। पार्टीभित्र अनुशासन र सम्मान गर्ने परम्परा कायम राख्नुपर्छ,' देउवाको भनाइ थियो। कार्यक्रममा पौडेलले आफू तटस्थ रहने प्रस्ट संकेत गरेका थिए।

शशांक कोइराला दोस्रो चरणमा पनि तटस्थ बसे। उनले लगातार विवेक प्रयोग गर्न मतदातालाई आग्रह गरिरहे। बिपीपुत्र शशांकको तटस्थता पनि देउवाका लागि अनुकूल बन्यो। उम्मेदवारी दर्ता गर्ने दिन पनि २५ मंसिरमा देउवा र शशांकबीच बालुवाटारमा भेटवार्ता भएको थियो।

## कोरोनाको...

क्वारन्टिनका सबै नियमको पालना सकेसम्म गर्नुहोला। नियमः सकेसम्म सबै आफूआफू पनि छुट्टै बस्ने, एकै कोठामा बस्दा सकेसम्म मास्क लगाउने, सँगै खाना नखाने, ७/१० दिनमा पिसिआर गर्ने।

कसैले खोप लगाउनुभएको छैन भने तुरुन्त सरकारले दिएको खोप लगाउन गइहाल्नुहोला। जतिसुकै महिनाका गर्भवती, स्तनपान गराउने आमा, जुनसुकै दीर्घरोग हुने वा औषधि खाने सबैले कोभिड विरुद्ध सरकारले उपलब्ध गराएको जुनसुकै खोप पनि लगाउन सुरक्षित छ, र लगाउनुपर्छ। सबैजना आफू जोगिऊँ, अरूलाई जोगाऔं।

व्यक्तिगत सुरक्षाका प्रबन्ध हामी सजिलैसँग अपनाउन सक्छौं। हात धुने र स्यानिटाइजर प्रयोग गर्ने बानी बसालौं। कसरी हात धुने भनेर भिडियोहरू थुप्रै छन्। साबुनले राम्रोसँग हात धुन र पखाल्न २० देखि ३० सेकेन्ड लाग्छ। हात पखालेपछि सुकाउनु पनि पर्छ। सुकेन भने पनि पूरा सफा भइसकेको हुँदैन। त्यसबाहेक अरूलाई सर्न नदिन मास्क लगाउनुपर्छ। तर, आफूलाई लक्षण छैन, खोकी छैन, ज्वरो छैन, श्वास फेर्न गाह्रो भएको छैन भने मास्क लगाउनुपर्दैन। बिनालक्षण मास्क लगाउँदा अनावश्यक खर्च हुन्छ। त्यो मास्क अरू कोही साँच्चै चाहिने स्वास्थ्यकर्मी वा बिरामी रहेछ भने उसलाई नपुग्न सक्छ। कोरोना भाइरसबाट बँच्न भनेर बाटोमा हिँड्दा मास्क लगाउनु आवश्यक छैन।

घर परिवार वा छरछिमेकमा उमेर बढी भएका, रोगसँग लड्ने क्षमता कमजोर भएका दीर्घ रोगीहरू छन् भने उनीहरूलाई जोगाउनुपर्छ। इन्फ्लुएन्जाको भ्याक्सिन लगाएको छैन भने लगाइहालौं। त्यस्ता बिरामीलाई झन् पहिले लगाऊँ। उनीहरू सकेसम्म बाहिर जान नपरोस् भन्नेमा ध्यान दिनुपर्छ। भिडभाडमा जान नपरोस् भनेर सहयोग गर्नुपर्छ। अहिले प्रचारमा आइरहेको छ कि हामी नजानिकनै मुख, नाक, आँखा छोइरहेका हुन्छौं। सकेसम्म त्यसो नगरौं भनिएको छ। तर, साँच्चै त्यसो गर्न सकिन्छ कि सकिँदैन, मलाई थाहा छैन।

यो संकट कति समय जाला ? यसै भन्न गाह्रो छ। कुनै भाइरस जाडो सिजनमा मात्र देखिन्छन्, गमी सिजनमा हराउँछन्। कुनै भाइरस सबै सिजनमा फैलिरहने पनि हुन सक्छन्। इबोलालाई जाडो र गमीले खासै फरक पारेन। सार्सलाई पनि जाडो र गमीले खासै फरक पारेको होइन। सामान्यतया कोरोना भाइरस अलि बढी तापक्रममा मर्छन् भनिन्छ। गमी सिजन आउँदै जाँदा केही हदसम्म यो रोगका नयाँ बिरामीको संख्या कम हुँदै जाला। तर पूरै हराउँछ जस्तो लाग्दैन। यसलाई निर्मुल पार्न सशक्त जनस्वास्थ्य संयन्त्रको प्रयत्न आवश्यक छ। सरकार र समुदायको सहकार्य चाहिन्छ। नयाँ भ्याक्सिन र औषधि नआएसम्म यसै भन्न सकिन्न।

यो असाधारण संकटको समय हो। अरू बेलाका उपायबाट काम चल्दैन। सरकारको कार्यशैली अहिलेभन्दा चुस्त देखिनुपर्छ। सरकारको तदारुकता त देखिन्छ। विभिन्न समिति बनेका छन्, नाकामा सतर्कता देखिएको छ, तर फैलिएमा कसरी जोगिने, कसरी बिरामीहरूको संख्या कम गर्ने भन्नेमा ध्यान पुगेको छैन। सघन उपचार क्षमता बढाएर, संक्रमण नियन्त्रण नीति सुधार गरेर, स्वास्थ्यकर्मीका लागि व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराएर यस्ता काम गर्न सकिन्छ। जुन कुरा एक महिना पहिला हुनुपथ्र्यो, त्यसमा अहिले राम्रो तदारुकता देखिएको छ, तर अहिले गर्नुपर्ने कुराको चाहिँ अझै दुई/चार हप्ता ढिला जान्छ कि भन्ने डर छ। सरकारले पनि आफ्नो नियमित प्रक्रियाभन्दा द्रुत कारबाही देखाउनुपर्छ। साँच्चै काम गर्ने भन्दा पनि सरकारी अधिकारीहरूको समय कागजी बैठकमा खेर गइरहेको छ। कार्यसञ्चालन प्रक्रिया सजिलो र छरितो बनाएर अहिलेको संकट सामना गर्न सक्छौं। *(सरुवा रोग विशेषज्ञ डा. सुवेदीको फेसबुकबाट)*

## एमालेमा...

केपी ओलीले एकलौटी कार्यविभाजन गरेको र त्यसले दशबुँदेमार्फत एमालेमा रहेका नेताहरूमाथि विभेद भएको आरोप लागेको छ। महाधिवेशनपछि बसेको दोस्रो केन्द्रीय समिति बैठकमा ओलीले पार्टीका निर्वाचित पदाधिकारीको वरीयता निर्धारण, स्थायी कमिटी, पोलिटब्युरो र विभाग गठन गर्नुका साथै केन्द्रीय सदस्यसमेत मनोनीत गरेका छन्। अध्यक्ष ओलीले एकलौटी आफ्ना मान्छेलाई मात्रै जिम्मेवारी र वरीयतामा अगाडि राखेको र एकताका क्रममा पार्टीमा नै बसेका कार्यकर्ता र नेताहरूलाई विभेद गरेको आरोप दशबुँदे पक्षधरको छ। केन्द्रीय सदस्य झपट रावलले संसद् विघटनको घटनामा को कहाँ उभिएको थियो भन्ने आधारमा योग्यता र क्षमतालाई लत्याएर जिम्मेवारी दिइएको बताए। 'अध्यक्षले कुनै आग्रह, पूर्वाग्रह र विभेद गर्नुहोला भन्ने सोचेका थिएनौं। तर, छानीछानी विभेदपूर्ण ढंगले कार्यविभाजन गरिएको छ। योग्यता, क्षमता र अनुभवलाई छाडेर विगतमा (संसद् विघटनपछि कहाँ उभिएको थियो) भन्ने आधारमा जिम्मेवारी दिइएको छ, रावलले भने।

पार्टी विभाजनपछि दशबुँदे सहमतिलाई कार्यान्वयन गरेर बाँकी रहेको एकतालाई मजबुत बनाउनुपर्ने धारणा राख्दै आएका नेतामाथि महाधिवेशनअघि नै विभेद भएको भन्दै असन्तुष्टिको आवाज उठ्दै आएको थियो। उक्त असन्तुष्टि पार्टीको दशौं महाधिवेशनका क्रममा थप पेचिलो बनेर देखापरेको थियो। सर्वसम्मत नेतृत्व चयन गर्ने भन्दै ओलीले सुरुमा पेस गरिएको केन्द्रीय समितिको प्रस्तावमाथि नै भीम रावल, घनश्याम भुसाललगायत नेताहरूले प्रश्न उठाएका थिए।

दोस्रो केन्द्रीय समिति बैठकमा ओलीले कार्यविभाजनसहित पेस गरेको प्रस्तावमाथि बैठकमा नै नेताहरूले प्रश्न उठाएका छन्। प्रश्न उठाउनेमा दशबुँदे गरेर पार्टीमा रहेका नेता मात्रै होइन, ओली खेमाकै मानिएका उपमहासचिव पृथ्वीसुब्बा गुरुङसमेत छन्। बैठकमा सहभागी एक केन्द्रीय सदस्यका अनुसार उपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिव गोकर्ण विष्ट, योगेश भट्टराईलगायत नेताहरूले बैठकमा ओलीको प्रस्तावमाथि प्रश्न उठाए। उनीहरूले अध्यक्ष ओलीले प्रस्ताव तयार गर्दा पदाधिकारीसँग छलफल नभएको भन्दै आलोचना गरे। 'अध्यक्ष कमरेडको प्रस्तावमाथि केही कमरेडहरूले छलफल नभएको भन्दै असन्तुष्टि जनाउनुभयो। विशेष गरी, युवराज ज्ञवाली, अष्टलक्ष्मी, पृथ्वीसुब्बा र योगेश कमरेडलगायतले आफ्ना विषयवस्तु राख्नुभएको थियो, बैठकमा सहभागी एक केन्द्रीय सदस्यले भने, 'यसअघि पनि पार्टीभित्र छलफल गर्ने पद्धति नअपनाइएका कारण संकट आएको र पुनः त्यस्तै, प्रवृत्ति दोहोरिन थालेको भन्ने कमरेडहरूको धारणा थियो।'